# लेखापरीक्षण प्रतिवेदन

## जयपृथ्वी नगरपालिका, बझाङ

आर्थिक वर्ष २०८१/८२

**महालेखापरीक्षकको कार्यालय**
महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल
काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## जयपृथ्वी नगरपालिका, बझाङ

आर्थिक वर्ष २०८१/८२

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

**स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| **स्वतन्त्रता** | *(Independence)* |
| **निष्ठा** | *(Integrity)* |
| **पारदर्शिता** | *(Transparency)* |
| **जवाफदेहिता** | *(Accountability)* |
| **व्यावसायिकता** | *(Professionalism)* |

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्यौंटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्यौंट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८३ वैशाख** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशानालय, सुदुरपश्चिम प्रदेश**
**काठमाडौ**

प.सं.:2082/83 मिति : २०८३-१-२८
च.न :APPROVED/FAR/2081-82/LOC/567

श्रीमान् नगर प्रमुखज्यू,
जयपृथ्वी नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय, बझाङ।

**बिषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

( थवराज अधिकारी )
नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-२८
च.न :APPROVED/FAR/2081-82/LOC/567

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्रीमान् नगर प्रमुखज्यू,
जयपृथ्वी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
बझाङ।

## १. कैफियत सहितको राय

हामीले त्यस नगरपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

## २. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तिय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तिय विवरणमा अन्तरसरकारी अख्तियारीको कारोबार समावेश गरेको छैन।

२.२. नगरपालिकाको आय-व्ययतर्फ रू. १ अर्ब ४२ करोड ४८ लाख १८ हजारको लेखापरीक्षणबाट रु. ३३ लाख २४ हजार बेरुजू देखिएकोमा प्रतिक्रियाबाट रु. १७ लाख ६७ हजार सम्परीक्षण भई असुल गर्नुपर्ने रु २१ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ८ लाख ३३ हाजर, नियमित गर्नुपर्ने रु. ७ लाख ४ हजार गरी जम्मा रु. १५ लाख ५७ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रु. २१ करोड ६० लाख ५ हजार मध्ये रु. १ करोड ४८ लाख ४५ हजार सम्परीक्षण भई यसवर्षको थपसमेत हालसम्म अद्यावधिक बेरुजू रु. २० करोड २७ लाख १७ हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**३. अन्य बेहोरा-** लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

## ४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। नगर कार्यपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।



( थवराज अधिकारी )
नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट सम्परीक्षण | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | | | | | | | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ५६ | १४ | ३३,२४,५४४ | ० | ७ | १७,६७,४५३ | ० | ५६ | ७ | १५,५७,०९१ | २०,६०४ | ७,०३,८०६ | ८,३२,६८१ | ० | ० | १५,३६,४८७ | ० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष सम्परीक्षण | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| बझाङ | २१,६०,०५,४०० | ० | १,४८,४५,३३८ | २०,११,६०,०६२ | ० | १५,५७,०९१ | २०,२७,१७,१५३ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८१/८२ | ६३ | विपन्न लक्षित छात्रवृति | ४,०८,००० |
| २ | २०८१/८२ | ५९ | प्राविधिक प्रतिवेदन | ६,५०,००० |
| ३ | २०८१/८२ | 58 | पाठ्यपुस्तक | १,६९,१०३ |
| ४ | २०८१/८२ | 64 | जडानको प्रमाण | ४,९१,५५० |
| ५ | २०८१/८२ | 62 | छात्रवृति रकम | ४८,८०० |
| ६ | २०८०/८१ | ३६ | संचय कोष थप | ३,७९,६५४ |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ७ | २०८०/८१ | २८ | विविध खर्च खाता | ५४,४८० |
| ८ | २०८०/८१ | २४ | पूर्व निर्धारित क्षतिपूर्ति | १,८१,६३६ |
| ९ | २०८०/८१ | २७ | अधुरो निर्माण कार्य | ४३,५४,९८३ |
| १० | २०७९/८० | ४७ | बढी भुक्तानी | १४,१९,४०१ |
| ११ | २०७९/८० | ३४ | जिल्ला दररेट भन्दा बढी दरमा खरिद | १,७८,८०० |
| १२ | २०७९/८० | २ थप | कृषि सामान वितरण | ४५,५९९ |
| १३ | २०७६/७७ | ९० | नियमित भएको प्रमाण पेश | १६२९६४८ |
| १४ | २०७६/७७ | ९१ | नियमित भएको प्रमाण पेश | ८४८२१० |
| १५ | २०७५/७६ | ४८ | नियमित भएको प्रमाण पेश | ६७८६० |
| १६ | २०७५/७६ | ६४ | नियमित भएको प्रमाण पेश | २५६०२६८.४६ |
| १७ | २०७५/७६ | ६८ | नियमित भएको प्रमाण पेश | १३६०८५४ |
| १८ | २०७५/७६ | ७१ | नियमित भएको प्रमाण पेश | ८७४९०८.३५ |
| १९ | २०७४/७५ | २० | नियमित भएको प्रमाण पेश | १६१७९५.६२ |
| २० | २०७४/७५ | २१ | नियमित भएको प्रमाण पेश | ४९८७४०.८८ |
| २१ | २०७४/७५ | २२ | पेश्की फर्स्योट | १२८५०० |
| २२ | २०७४/७५ | २२ | पेश्की फर्स्योट | १००००० |
| जम्मा | | | | १,६६,१२,७९१ |

# जयपृथ्वी नगरपालिका, बझाङ

# ( ८०७७०४०१३०० )

# जयपृथ्वी नगरपालिका , बझाङ

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-**स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ११ वडा रहेको छ भने क्षेत्रफल १६६.७२ वर्ग किलोमिटर तथा २२,१९१ जना जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।५।१९ देखि २०८२।५।२३ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** नगरपालिकाको जम्मा रु.१,४२,४८,१८,७६७.४४ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची - २ मा संलग्न छन् ।

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय बिबरणको परीक्षण**

२.१ वित्तीय प्रतिवेदन - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

| **प्राप्ति** | | | **भुक्तानी** | | |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| **विवरण** | **रकम** | **रकम** | **विवरण** | **रकम** | **रकम** |
| **सुरु मौज्दात** | | **५८८४६९२८।६६** | **चालु खर्च** | | **४४२४६६२५२। १७** |
| १.संचित कोष | ३२५९१२३।४२ | | १. पालिका तर्फ | १७९६८३७६४। ७४ | |
| २. धरौटी | ५२६८६३१।०१ | | २.संघीय सशर्त | २६००६७०५७। ४३ | |
| ३.कार्यसञ्चालन कोष | २०९८७०६३।२३ | | ३.संघीय विशेष | ० | |
| विविध खर्च खाता 9417188.23 | | | ४.प्रदेशसशर्त | २७१५४३० | |
| आपतकालिन वालकोष १८५000 | | | ५.प्रदेश विशेष | | |
| लैगिक हिंसा निवारण कोष 333875 | | | **पुँजीगत खर्च** | | **११८४६२१२४। ६०** |
| कर्मचारी कल्याण कोष 9174000 | | | १.पालिका तर्फ | ७१३८५५१५।६० | |
| प्रकोप ब्यवस्थापन 1347214 | | | २.संघीय सशर्त | १४५४४८९ | |
| डोजर संचालनकोष 529786 | | | ३.संघीय विशेष | १९८५४८९ | |
| मर्मत संभारकोष 0 | | | ४.संघीय समपुरक | ५३२३७३७ | |
| ४. अन्य कोष | | | ५.प्रदेशसशर्त | १६६२७५७८।४४ | |
| **यस वर्षको आय** | | | ६.प्रदेश विशेष | ४५३४३६४ | |
| **१.आन्तरिक आय** | | **१५०३४३३३।४६** | ७.प्रदेश समपुरक | ४०५७२६२।५६ | |
| **आन्तरिक राजश्व** | १४४३७२६६।६२ | | | | |
| **स्थानीय - राजस्व बाँडफाँड** | ५९७०६६।८४ | | | | |
| **२. वित्तीय हस्तान्तरण (संघ)** | | **५११६७३८८२।५** | **अन्तर सरकारी अख्तियारी (संघ)** | | **११५६१९५६९। ८७** |
| क) वित्तिय समानीकरण अनुदान | ११३२३१८४० | | क) उच्च पहाडी एवम् हिमाली क्षेत्र स्वरोजगार तथा आर्थिक सशक्तिकरणकार्यक्रम | ५२८७८८८ | |
| ख) सशर्त अनुदान चालु | २७९५३३००० | | ख)स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ७७८१३३० | |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ग) सशर्त अनुदान पुँजिगत | १२२००००० | | ग) सामाजिकसुरक्षा तथा संरक्षण | १०२२५४३५१।८७ | |
| घ) समपुरक अनुदान | ७५००००० | | घ)विद्यालय शिक्षा क्षेत्र योजना | २९६००० | |
| ङ)विशेष अनुदान | ९९०००० | | **ऋण फिर्ता(साँवा)** | | |
| च) राजश्व वाँडफाड | ८९३०९०४२।४९ | | **ऋणको ब्याज भुक्तानी** | | |
| छ) अन्य | | | **धरौटी फिर्ता तथा सदर स्याहा** | २४४७१५० | **२४४७१५०** |
| **३. वित्तीय हस्तान्तरण (प्रदेश)** | | **४६५८५७४४।९७** | **कार्यसञ्चालन कोषबाट भएको खर्च** | | |
| क) वित्तिय समानीकरण अनुदान | ११५२३००० | | 1. विविध खर्च खाता | ११४९५४३६।९५ | ११४९५४३६।९५ |
| ख) सशर्त अनुदान | २४१३०००० | | 1.2 विभिन्न कोष तर्फको खर्च | | **१६११६४९** |
| ग) समपुरक अनुदान | ४०५७२६२।५६ | | प्रकोप ब्यवस्थापन कोष | ५६५९९२ | |
| घ)विशेष अनुदान | ४५३४३६४ | | लैगिक हिंसा निवारणकोष | ५५००० | |
| ङ) राजश्व वाँडफाँड | **२३४१११८।४१** | | डोजरसंचालनकोष | ३१५३७३ | |
| च) रोयल्टी | | | मर्मतसंभार कोष | ६००२८४ | |
| छ) अन्य | | | आपतकालिनबालकोष | ७५००० | |
| **४. अन्तर सरकारी अख्तियारी (संघ)** | | **११५६१९५६९।८७** | **अनुदान फिर्ता** | | |
| क) उच्च पहाडी एवम् हिमाली क्षेत्र स्वरोजगार तथाआर्थिक सशक्तिकरण कार्यक्रम | ५२८७८८८ | | १.संघ तर्फ | | **२७२०८५३८।५७** |
| ख)स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ७७८१३३० | | क) सशर्त अनुदान | १७११७७६४।५७ | |
| ग)सामाजिक सुरक्षा तथा संरक्षण | १०२२५४३५१।८७ | | ख) विशेष अनुदान | ७९१४५११ | |
| घ)विद्यालय शिक्षा क्षेत्र योजना | २९६००० | | ग) समपुरक अनुदान | | |
| | | | २.प्रदेश तर्फ | | ४७८६९९१।५६ |
| | | | क) सशर्त अनुदान | ४७८६९९१।५६ | |
| | | | ख) विशेष अनुदान | ० | |
| **६. ऋण/ वित्तीय व्यवस्था** | | | ग) समपुरक अनुदान | ० | |
| **७. धरौटी आय** | ३७०१६९९ | | **अन्तिम मौज्दात** | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ८. कार्यसञ्चालन कोष आय | | | १. संचित कोषकोमौज्दात | १२९६१२८८।४४ | १२९६१२८८।४४ |
| **8.1 विविध खर्च खाता** | | | २. धरौटी | ६५२३१८०।०१ | ६५२३१८०।०१ |
| क) पि एल जी यस पी | ४३६४९९।८३ | | ३. कार्यसञ्चालनकोष | | |
| ख)सडक बोर्ड नेपाल | ३०५७०४५ | | **3.1 विविध खर्च खाता** | ४७९९३२५।२१ | ४७९९३२५।२१ |
| ग) सि एम सी नेपाल | २२८८१४४।५० | | **3.2 विभिन्न कोष खाता** | | **१११८६४९७** |
| घ)मालपोत कार्यालयबाट प्राप्त राजश्व | ६७०८८०।६ | | प्रकोपब्यवस्थापन कोष | ७८१२२२ | |
| ङ)विश्वखाद्य कार्यक्रम | ४२५००४ | | लैगिकहिंसा निवारण कोष | ६०३८७५ | |
| **8.2 विभिन्न कोषतर्फको आय** | | **१२२८२७१** | कर्मचारीकल्याण कोष | ९१७४००० | |
| क)लैङ्गिक हिंसा निवारण कोष | ३२५००० | | डोजरसंचालनकोष | २१४४१३ | |
| ख)मर्मत संभारकोष | ६७८२७१ | | आपतकालिनबालकोष | ३३५००० | |
| ख) आपतकालिन वालकोष (प्रगतिशिल युवा समाज) | २२५००० | | मर्मतसंभार कोष | ७७९८७ | |
| **जम्मा** | **७५९५६८००३.३८** | **७५९५६८००३.३८** | **जम्मा** | **७५९५६८००३.३८** | **७५९५६८००३.३८** |

**(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२.२ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१०,२२,५४,३५१, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.७७,८१,३३०, उच्च पहाडी एवम् हिमाली क्षेत्र स्वरोजगार तथा आर्थिक सशक्तिकरण कार्यक्रम रु.५२,८७,८८८ र अन्य रु. २,९६,००० समेत गरी रु.११,५६,१९,५६९ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

३ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

**वजेट व्यवस्थापन तर्फ**

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागु गर्नुपर्नेमा आवधिक योजना तयार गरेको भएपनि बार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा सो लाइ

अनुसरण गरेको पाइएन

- स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको कार्यको सुशासन ऐन वमोजिम वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यमकालिन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यमकालिन खर्चको संरचना तयार गरेको पाइएन।
- दिगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकिकृत दिर्घकालिन योजना तयार गरेको देखिएन ।

**खरिद व्यवस्थापन तर्फ**

- सार्वजनिक खरिद ऐन, २०६३ वमोजिम सार्वजनिक खरिद नियमावली तयार गरेको देखिएन ।
- उपभोक्ता समितिबाट सम्झौताबमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा मुल्याकंन गरी आबश्यक कारवाही गरेको देखिएन ।
- नगरपालिकाले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वयन र अभिलेख राखेको देखिएन ।
- सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक परीक्षणलाई अनिवार्य गरेको देखिएन ।

**शिक्षा तर्फ**

- प्रदेश तथा स्थानीय तहमा ससर्त अनुदानमा वित्तीय हस्तान्तरण भएका क्रियाकलाप तथा उपक्रियाकलापसहितको त्रैमासिक तथा वार्षिक भौतिक तथा वित्तीय प्रगति विवरण शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट विकास भएको अनलाइनमा आधारित सफ्टवेयरमा प्रविष्टि गर्ने व्यबस्था भएकोमा सफ्टवेयरमा प्रविष्टि गरेको देखिएन ।
- सामुदायिक विद्यालयका शिक्षकसँग स्थानीय तहले कार्यसम्पादन करार गरी कार्यसम्पादन स्तरलाई वृत्ति विकाससँग आबद्ध गर्ने व्यवस्था गर्न भएकोमा कार्यसम्पादन करार गरेको देखिएन ।
- विद्यालय अनुगमन मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था रहेको देखिएन ।
- शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ मा नं. (झ) मा शिक्षक सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार गरेको छैन ।

**विविध तर्फ**

- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।
- मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समितिको नाममा रहेको कोष, पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा गरेको छैन ।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

## ४ क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | कुल खर्च मध्ये खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ४,७२,४५,८७२.३८ | ४,०१,३५,५२६.०२ | ७.१६ |
| २ | पूर्वाधार विकास | ७,७१,५०,९६२.०० | ६,५६,४५,६१२.०० | ११.७० |
| ३ | सामाजिक विकास | ३७,७३,१२,५७०.५६ | ३२,०९,५०,५९६.८५ | ५७.२२ |
| ४ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | १,९०,४६,५७९.०० | १,८२,८०,८३४.७१ | ३.२६ |
| ५ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | १३,२९,४१,२५०.४८ | ११,५९,१५,८०७.१९ | २०.६६ |
| जम्मा | | ६५,३६,९७,२३४.४२ | ५६,०९,२८,३७६.७७ | १०० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ५७.२२ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा सबै भन्दा घटीमा ३.२६ प्रतिशत रहेको छ ।

## ५ त्रैमासिक पुँजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | ११,८४,६२,१२४.६० | ११,९९,९९९ | ७४,१७,७२०.६० | ४,९१,६९,३५५ | ६,०६,७५,०५० | ३,१५,९९,६७६ |
| प्रतिशत | ७१.१४ | ०.७२ | ४.४५ | २९.५३ | ३६.४४ | १८.९८ |

आषाढ महिनामा मात्र रु.३,१५,९९,६७६ (१८.९८ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

## ६ एकमुष्ट बजेट

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष जनतासंग मेयर कार्यक्रम अन्तर्गत रु.१२ लाख र जनतासंग उपमेयर कार्यक्रम अन्तर्गत रु.१० लाख एकमुष्ट बजेट व्यवस्था गरी विभिन्न व्यक्ति तथा संस्थाहरुलाई आर्थिक सहायतामा खर्च गरेको छ। कानुन बमोजिम पालिकाको निति तथा कार्यक्रममा राखी खर्च गर्नुपर्दछ ।

## ७ अधुरा आयोजना

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष देहायअनुसार योजनाको कार्य सम्पन्न हुन नसकी जिम्मेवारी सारेको छ । यस प्रकारको दायित्व विगत वर्षहरुको समेत सार्दै आएको छ । सम्पन्न नगरी अधुरो रहेको कारण सोको उपयोग हुन सकेको छैन भने त्यस्ता योजना अलपत्र अवस्था समेत रहँका छन् । यस सम्बन्धमा पालिकाले जिम्मेवारीपूर्वक कार्यसम्पादन गर्नुपर्दछ।

| क्र.सं. | निर्माण कार्य | निर्माण व्यवसायीको नाम | संझौता मिति | सम्पन्न गर्नुपर्ने मिति | गत वर्षसम्मको खर्च | यो वर्षको खर्च | जम्मा खर्च | भौतिक प्रगति |
|---|---|---|---|---|---|---|---|---|
| १ | Khuddiun irrigation canal Ja.Na.Pa.2&3 | Niraj-kesar JV Kanchanpur | २०८०।११।१७ | २०८१।११।१६ | १९००००० | ८७०४२८४ | १०६०४२८४ | ३५ |
| २ | Pagarpani Sichai and Khanepane Construction | R.K.P. Construction Ja.Na.Pa.-10 | २०८२।२।५ | २०८२।३।१६ | ० | २५८१०२० | २५८१०२० | ७५ |
| ३ | Shreeman Maharaj Mandir Construction Work | Masta Jasu Nirman Sewa Ja.Na.Pa. -१ | २०८२।२।३० | २०८२।३।१६ | 0 | ४५६६६८४ | ४५६६८४ | २५ |

खुड्युन सिचाई नहर निर्माण कार्य तोकिएको अवधीमा सम्पन्न हुन नसकि पालिकाले २०८२।३।२५ सम्म प्रथम पटक म्याद थप गरेकोमा उक्त अवधीमा समेत निर्माण कार्य सम्पन्न हुन नसकेको र त्यसपश्चात म्याद थप समेत गरेको पाईएन । साथै पागरपानी सिचाई र खानेपानी निर्माण कार्यको म्याद समाप्त भएकोमा त्यसपश्चात म्याद थप गरेको पाईएन । समयमा निर्माण कार्य सम्पन्न हुनुपर्दछ ।

## ८ अनुदानको अनुगमन

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार कृषि, पशु फर्म तथा संस्थाहरुलाई रु.२८,६५,००० अनुदान खर्च लेखेको छ । पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन ।साथै पालिकाले अनुदान रकम पाउने व्यक्ति, सहकारी संस्था, कृषक समुहको नाम नामेसी र अनुदान रकमको विवरण सार्वजनिक गरेको छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

| संस्था तथा व्यक्तिको नाम | ५० प्रतिशत अनुदान कार्यक्रम | रकम रु. |
|---|---|---|
| धनबहादुर ओली | कृषि यान्त्रीकरण सहयोग | ५०००० |
| शिलल बोहरा | कृषि यान्त्रीकरण सहयोग | ५०००० |
| केशवराज धामी | कृषि यान्त्रीकरण सहयोग | ५०००० |
| अम्मर जेठारा | कृषि यान्त्रीकरण सहयोग | ५०००० |
| कमला कामी | कृषि यान्त्रीकरण सहयोग | ५०००० |
| चन्द्रलाल बजाल | कृषि यान्त्रीकरण सहयोग | ५०००० |
| गोपाल खडका | कृषि यान्त्रीकरण सहयोग | ५०००० |
| दुर्गा देबी जोशि | कृषि यान्त्रीकरण सहयोग | ५०००० |
| झिल्के खडका | कृषि यान्त्रीकरण सहयोग | ५०००० |
| गोरख बहादुर सिंह | कृषि यान्त्रीकरण सहयोग | ५०००० |
| सुनिता खडका | कृषि यान्त्रीकरण सहयोग | ५०००० |
| धनबहादुर खडका | कृषि यान्त्रीकरण सहयोग | ५०००० |
| जग्नाथ जोशि | कृषि यान्त्रीकरण सहयोग | ५०००० |
| कर्ण बहादुर खडका | कृषि यान्त्रीकरण सहयोग | ५०००० |
| जम्मा | | ७००००० |
| खडका बहुउद्देश्यीय कृषि फर्म | साना सिँचाइ निर्माण तथा मर्मत | ७५००० |
| नविन एण्ड अनमोल कृषि फर्म | साना सिँचाइ निर्माण तथा मर्मत | ५०००० |
| सिल्चौर कृषि तथा बाख्रा फर्म | साना सिँचाइ निर्माण तथा मर्मत | १००००० |
| देविधौलदेउ कृषि कर्म | साना सिँचाइ निर्माण तथा मर्मत | ५०००० |
| आवीश्कार कृषि तथा पशुपन्छी फर्म | साना सिँचाइ निर्माण तथा मर्मत | ५०००० |
| खडका बहुउद्देश्यीय कृषि फर्म | साना सिँचाइ निर्माण तथा मर्मत | ५०००० |
| सुन्दर कृषि तथा पशुपन्छी फर्म | साना सिँचाइ निर्माण तथा मर्मत | ७५००० |
| लवासैन बहुउद्देश्यीय कृषी फर्म | साना सिँचाइ निर्माण तथा मर्मत | ७५००० |
| परिवर्तन बह्उद्वेशिय कृषि फर्म | साना सिँचाइ निर्माण तथा मर्मत | ७५००० |
| आदर्श बहुउद्देश्यीय कृषि फर्म | साना सिँचाइ निर्माण तथा मर्मत | ७५००० |
| कोल्पाटा कृषि फर्म | साना सिँचाइ निर्माण तथा मर्मत | ७५००० |
| डाडाबाघ कृषि फर्म | साना सिँचाइ निर्माण तथा मर्मत | ७५००० |

| | | |
|---|---|---|
| सिल्का बहुउद्देश्यीय कृषि फर्म | साना सिँचाइ निर्माण तथा मर्मत | ५०००० |
| प्रकाश बहुउद्देश्यीय कृषि फर्म | साना सिँचाइ निर्माण तथा मर्मत | १५००० |
| मष्टा जसु बहुउद्देश्यीय कृषि फर्म | साना सिँचाइ निर्माण तथा मर्मत | ७५००० |
| डाडाबाघ कृषक समुह | साना सिँचाइ निर्माण तथा मर्मत | १००००० |
| धल्देउ बहुउद्देश्यीय कृषी फर्म | साना सिँचाइ निर्माण तथा मर्मत | ५०००० |
| जलजला बहुउद्देश्यीय कृषि फर्म | साना सिँचाइ निर्माण तथा मर्मत | ५०००० |
| जम्मा | | ११६५००० |
| सिद्ध मनाना कृषक समुह | दलहनबालि पकेट स्थापना | ५०००० |
| जुकेना बहुउद्देश्यीय  कृषि फर्म | दलहनबालि पकेट स्थापना | ७५००० |
| सानेबाझ कृषी फर्म | दलहनबालि पकेट स्थापना | १००००० |
| नानन महिला कृषक स.स.लि. | दलहनबालि पकेट स्थापना | १५०००० |
| डाँडा बाघ बहुउद्देश्यीय कृषि फर्म | दलहनबालि पकेट स्थापना | १००००० |
| वष्टा बहुउद्देश्यीय कृषि फर्म | दलहनबालि पकेट स्थापना | ५०००० |
| पञ्चदेब महिला स.स.लि. | दलहनबालि पकेट स्थापना | ४००००० |
| निलकटी महिला कृषि समुह | दलहनबालि पकेट स्थापना | ७५००० |
| जम्मा | | १०००००० |

## ९ प्रधानमन्त्री रोजगार कार्यक्रम

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत ९१६ जना बेरोजगारहरु सूचीकृत भई १०० जनालाई ५५०० दिन रोजगारी उपलव्ध गराई रु.३९,६०,०००।- श्रमिक ज्याला खर्च गरेको छ । कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

## १० बजेट सीमा निर्धारण समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था

भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

**११ बजेट तथा कार्यक्रम तर्जुमा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

**१२ बजेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०८१।३।१० मा रु. ६५ करोड ३७ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१।०३।१९ मा पारित भएको छ । यसैगरी पालिका प्रमुखले मिति २०८१।३।२५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ।

**१३ प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था बमोजिम दरवन्दी स्वीकृत र पदपूर्ति गर्नुपर्ने व्यवस्था छ। पालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षण नगरी पालिका गठन हुँदा संघीय मामिला तथा सामान्य प्रशासन मंत्रालयवाट प्राप्त दरबन्दी बमोजिम कार्य सञ्चालन हुदै आएको छ । सो वमोजिम पालिकाको कुल नगरकार्यपालिका र वडा तर्फ ५१ कृषि र पशुसेवा तर्फ ९ र स्वास्थ्य सेवा तर्फ २५ गरी ८५ कर्मचारी दरबन्दी रहेकोमा लेखापरीक्षण अवधिसम्म नगरकार्यपालिका र वडा तर्फ ४० कृषि र पशुसेवा तर्फ ४ र स्वास्थ्य सेवा तर्फ ३३ (दरवन्दी भन्दा वढी ८ जना) जना ६९ गरी दरबन्दी स्थायी पदपूर्ति भई १६ पद रिक्त रहेको छ । पालिकामा शिक्षा अधिकृत नवौ/दशौ सि.डी.इ, नवौ/दशौ समेत १६ दरबन्दी समयमा पूर्ति नहुँदा कार्य सम्पादनमा असर परेको छ। आवश्यक्ताको आधारमा कानुन बमोजिम दरबन्दी तथा पदपुर्ति व्यवस्थापन हुनुपर्दछ ।

**१४ करार कर्मचारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सेवा करारबाट लिइने कर्मचारीको दरबन्दीको श्रोत सुनिश्चितता गरी प्रस्ताव गर्नुपर्ने व्यवस्था छ । यो वर्ष पालिकाले विभिन्न कर्मचारी करारमा राखी पारिश्रमिक रू.१ करोड ८७ लाख ८५ हजार खर्च लेखेका छन् । त्यसै गरी सोही ऐनको दफा ८३(८) मा पालिकाले नगर प्रहरी, सवारीचालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रिसियन, चौकिदार, माली, बगैंचेलगायतका पदमा मात्र करारबाट सेवा लिन सकिने व्यवस्था छ । यो वर्ष पालिकाले च.नं.१६२६ मिति २०८१।११।११ को पत्रानुसार स्विकृत स्थायी दरवन्दीमा पदपुर्तिको लागी प्रदेश लोक सेवा आयोगमा सव ईन्जिनियर पद संख्या ३ र अमिन पदसंख्या १ आकृति फारम पठाएकोमा उक्त पदमा सिफारिस भई नआएकोले पालिकाले करारमा नियुक्ती गरी रु.१८२२१९६।-भुक्तानी खर्च गरेको छ । नगरपालिकाले आबस्यकताको आधारमा कानून बमोजिम दरबन्दी तथा पदपूर्ति गरी सेवा प्रबाहलाई प्रभावकारी बनाउनु पर्दछ ।

**१५ कार्य सञ्चालन तथा अन्य कोष**

नेपाल सरकारले कुनै आयोजना वा कार्यक्रम संचलान गर्दा विनियोजन बजेट भित्रबाट गर्ने, विभिन्न कोषमा रकम मौज्दात राख्ने, उक्त कोषबाट खर्च गर्ने पद्धत्तिमा नियन्त्रण गर्ने ब्यहोरा उल्लेख गरेपनि यो पालिकाले निम्नानुसार कोषको विवरण राखेको छ । यसरी कोषमा

रकम राखेर खर्च गरी खर्चमा दोहोरापना आउने, खर्चमा मितव्ययिता कायम नहुने हुँदा अत्यावश्यक वाहेकमा यसरी कोषमा रकम राख्ने, ट्रान्सफर गरेर खर्च गर्ने पद्धतिमा नियन्त्रण गर्नुपर्दछ ।

| कोषको नाम | कोष गठन भएको कानुन | शुरु मौज्दात | यो वर्ष थप | यो वर्षको खर्च | बाँकी |
|---|---|---|---|---|---|
| कर्मचारी कल्याणकोष | कर्मचारी कल्याण कोष संचालन निर्देशिका | ९१७४००० | ० | ० | ९१७४००० |
| प्रकोप व्यवस्थापन कोष | | १३४७२१४ | ० | ५६५९९२ | ७८१२२२ |
| आपतकालिन वालकोष | आपतकालिन वालकोष संचालन कार्यविधि,2079 | १८५००० | २२५००० | ७५००० | ३३५००० |
| लैङ्गिक हिंसा निवारण कोष | लैङ्गिक हिंसा निवारण कोष संचालन कार्यविधि,2079 | ३३३८७५ | ३२५००० | ५५००० | ६०३८७५ |
| डोजर संचालनकोष | डोजर भ्याकुलोडर संचालन कार्यविधि,2080 | ५२९७८६ | ० | ३१५३७३ | २१४४१३ |
| मर्मत सम्भार कोष | मर्मत सम्भार कोष संचालन कार्यविधि,2081 | ० | ६७८२७१ | ६००२८४ | ७७९८७ |

१६ **आर्थिक सहायता**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधिको आधारमा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। नगरपालिकाले आर्थिक सहायता कार्यविधि,२०८० बमोजिम यो बर्ष ४२५ संघसंस्था।व्यक्तिहरुलाई रु.४५,८७,५२०।- आर्थिक सहायता वितरण गरेको छ ।आर्थिक सहायता वितरण गर्दा प्राथमिकता निर्धारण गरी सोही आधारमा मात्र वितरण गर्नु पर्नेमा प्रयाप्त आधार र प्रमाण बेगर सामान्य निवेदनबाट माग गरेको आधारमा समेत आर्थिक सहायता वितरण गरेको पाईयो। यो बर्ष नगरपालिकाले वितरण गरेको आर्थिक सहायता रकम पालिकाको कुल आन्तरिक आय रु.१,५०,३४,३३३।- को ३०.५१ प्रतिशत हुन आउँछ । आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ । साथै पालिकाबाट प्रदान गरिने आर्थिक सहायता तथा अनुदान वितरणको विवरण सार्वजनिक गरिनुपर्दछ ।

१७ **विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले कार्यालय सञ्चालन विविध खर्च बापत रु.१५,१७,५७८ र अतिथी सत्कार खर्च बापत रु.९,२३,८१० समेत रु.२४,४१,५३८८ खर्च भुक्तानी गरेको छ । उक्त खर्चको बिलमा खाजा, खाना, नास्ता लगायत होटलको बिल पेश हुने गरेकोमा खर्च विवरणमा सभा संचालन, परीक्षा संचालन, वडाको खर्च लगायत देखाएको छ र अतिथि सत्कार खाजा, खाना खर्च सम्वन्धमा अर्थ मंन्त्रालयको मापदण्ड समेत लागु गरेको देखिएन । प्रत्येक खर्चको औचित्य पुष्टि हुने प्रमाण कागजात पेश गरि यस्तो खर्चमा नियन्त्रण तथा मितव्ययिता ल्याउनुपर्दछ ।

१८ **पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको गत वर्षको पेश्की बाँकी आर्थिक वर्षको अन्त्यसम्म फस्र्यौट नभई रु.४७,६७,२०० बाँकी रहेको देखिन्छ । उक्त पेश्की नियमानुसार फस्र्यौट गर्नुपर्दछ ।

| विवरण | | | गत वर्षको पेश्की बाँकी | यसवर्षको थप | |
|---|---|---|---|---|---|
| | नाम | पेश्की लिएको मिति | | म्यादनाघेको | म्यादननाघेको |
| पदाधिकारी | डम्वरवहादुर सिंह | २०७७।१।१७ | २०२००० | २०२००० | ० |
| | दल बहादुर विष्ट | २०७६।६।१६ | २५२०० | २५२०० | ० |
| मोविलाइजेसन | निरज - केशर जे.भी. | | १०२०००० | ० | १०२०००० |
| उपभोक्ता समिति | ओमशान्ती गिता पाठशाला | २०७७।३।७ | २४०००० | २४०००० | ० |
| व्यक्तिगत | रमेशबहादुर के सी | २०७८।३।३१ | ३०००० | ३०००० | ० |
| | गगन बहादुर खडका वडा नं ३ | २०८०।९।१९ | २५००० | २५००० | ० |
| | जीवन बहादुर सिंह वडा नं १० | २०८०।९।१९ | २५००० | २५००० | ० |
| | तिर्था के सी वडा नं ३ | २०८०।९।१९ | २५००० | २५००० | ० |
| | नर्मा देवी जैशी वडा नं ११ | २०८०।९।१९ | २५००० | २५००० | ० |
| | पदम बहादुर सुनार वडा नं १० | २०८०।९।१९ | २५००० | २५००० | ० |
| | भक्त बहादुर थापा वडा नं ११ | २०८०।९।१९ | २५००० | २५००० | ० |
| | महेश्वरी थापा खडका वडा २ | २०८०।९।१९ | २५००० | २५००० | ० |
| | मानप्रसाद खत्री वडा २ | २०८०।९।१९ | २५००० | २५००० | ० |
| | सुशिल प्रसाद जोशी वडा नं ११ | २०८०।९।१९ | २५००० | २५००० | ० |
| | हर्ष बहादुर विष्ट वडा नं १० | २०८०।९।१९ | २५००० | २५००० | ० |
| संस्थागत | जिल्ला अस्पताल वझाङ्ग | २०७४।०७५ | ३०००००० | ३०००००० | ० |
| जम्मा | | | | ३७४७२०० | १०२०००० |

## १९ जिन्सी निरीक्षण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

## २० मर्मत अभिलेख

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १३(५) मा कुनै मालसामान मर्मत गराउनु अघि मर्मत कार्यको लागत अनुमान तयार गर्नुपर्ने र नियम ९६(३) मा सार्वजनिक निकायले उपकरणको वा पाटपूर्जा खरिद गरेकोमा सार्वजनिक निकायले त्यस्तो मालसामान वा उपकरण जिन्सी दाखिला गराई प्रति एकाई मूल्य पाँच हजार रुपैया भन्दा बढी पर्ने उपकरण वा पार्टपुर्जाको अभिलेख राख्नु पर्नेछ र त्यस्ता पार्टपुर्जा पुराना उपकरण वा पार्टपूर्जाको लागि प्रतिस्थापन गरेको का सम्बन्धित प्राविधिकबाट प्रमाणित गराई पुराना सामान जिन्सी दाखिला गर्नु पर्ने उल्लेख छ । पालिकाले सवारी साधन तथा मेशिनरी सामान मर्मत बापत गत वर्षको रु.२०,१०,८९१।- र यस वर्ष सवारी साधन मर्मत खर्च शीर्षकबाट रु.२३,६६,३८४ र मेशिनरी औजार खरिद, मर्मत तथा खर्च शीर्षबाट रु.१५,००,०००।– समेत रु.५८७७२७५।- खर्च गरेको छ । पालिकाले मर्मत अघि लागत अनुमान तयार नगरेको र पुराना सामान जिन्सी दाखिला समेत

नगरेको पाइयो । नमुना परीक्षणको क्रममा निम्न भौचरबाट विभिन्न समयमा कार्यालयका सवारीसाधन मर्मत गरेबापत भुक्तानी गरेको छ । नियमावलीको व्यवस्था पालना गरि पुराना पार्ट पुर्जा समयमानै कार्यालयमा दाखिला गर्न लगाई नियमावलीको व्यवस्था पालना गर्नुपर्दछ ।

| भौचर नं/मिति | क्रियाकलाप | भुक्तानी रकम |
|---|---|---|
| ८।५।१९ | सवारी मर्मत खर्च | ५३९६३१ |
| ७।५।१९ | सवारी मर्मत खर्च | ३९५३७० |
| ६।५।१९ | सवारी मर्मत खर्च | १५६४०० |
| ५।५।१९ | सवारी मर्मत खर्च | ४९३०५६ |
| ९।५।१९ | सवारी मर्मत खर्च | ४२६३५४ |
| २२३।९।१५ | सवारी मर्मत खर्च | ३६५७० |
| २२६।९।२५ | सवारी मर्मत खर्च | २११०३७ |
| २३५।९।२८ | सवारी मर्मत खर्च | ७५९३५ |
| २३६।९।२८ | सवारी मर्मत खर्च | १३०५१५ |
| २३८।९।२८ | सवारी मर्मत खर्च | ६४७६४ |
| २५१।९।२९ | सवारी मर्मत खर्च | ८३७०० |
| २५२।९।२९ | सवारी मर्मत खर्च | ८६२०० |
| २५५।९।२९ | सवारी मर्मत खर्च | ३७५१०९ |
| २५८।९।२९ | सवारी मर्मत खर्च | १३३३८४ |
| २६०।९।२९ | सवारी मर्मत खर्च | १०५६४० |
| ४७६।१२।२७ | सवारी मर्मत खर्च | ८७७२० |

### २१ इन्धन

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२)मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्दछ । पालिकाले यो वर्ष ट्याक्टरको लागि इन्धन खर्च रु.२,४०,०००, जेसिबी सडक मर्मतको लागि इन्धन खर्च रु.१०,००,००० दमकलको लागि रु.१,९२,००० र इन्धन अन्य प्रयोजन (पदाधिकारी र कार्यालय समेत) वापत रु.२३,९५,६३८ समेत जम्मा रु.३८,२७,६३८ भुक्तानी खर्च छ । पालिकाले प्रयोगकर्ता, प्रयोजन र भ्रमण दूरी लगायतका व्यहोरा खुलाई ईन्धन उपलब्ध गराउनु पर्नेमा सो बेगर तथा लगबुक तयार नगरी ईन्धन खर्च गरेको पाईयो। पालिकाले यस्तो कार्यमा सुधार गरी ऐन ,नियम बमोजिम ईन्धनको प्रयोग गर्ने तथा सोहि वमोजिम लगबुक व्यवस्थित गरी राख्ने तथा खर्च गर्दा मितव्ययीरुपमा गर्ने प्रवन्ध मिलाउनु पर्दछ ।

### २२ आन्तरिक आय

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ४३,४६,१३,९३६ | १,५०,३४,३३३ | ३.४६ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ३.४६ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

२३ **आय अनुमान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.१,१६,६५,००० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८१।८२ मा रु.१,५०,३४,३३३ अर्थात अनुमान भन्दा २२.५ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

२४ **कन्टिन्जेन्सी खर्च**

निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) सँग सम्बन्धित व्यवस्था सोही नियमावलीको अनुसूची १ मा तोकिएको छ । उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी बापत थप गर्ने व्यवस्था रहेको छ । कार्यालयले कन्टिन्जेन्सी खर्च तर्फ दैनिक भ्रमण भत्ता रु.४,८७,६३७ मसलन्द खर्च रु.४,७५,७१५ खाना तथा खाजा ४-९ को बार्षिक परीक्षामा ८,८१,९१२ गाडीभाडा खर्च रु.१,३४,००० पत्रपत्रिका खर्च रु.१,७६,९२५ खेलकुद खर्च रु.३,३०,००० सवारी नविकरण रु.१,००,००० अदालतमा बहस शुल्क रु.५०,००० समेत जम्मा रु.२५,७६,१८९ खर्च लेखेको छ ।

- सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ अनुसार कन्टिन्जेन्सीबाट भएको खर्च ठेक्का एवं योजना अनुसार नापी किताबमा उल्लेख गर्नु पर्नेमा गरेको देखिएन। योजना वा ठेक्का प्याकेज अनुसार कन्टिन्जेन्सी खर्च छुट्याई नापी किताबमा प्रविष्टि गर्नुपर्छ।
- महालेखा नियन्त्रक कार्यालयले २०७४ सालमा जारी गरेको आर्थिक संकेत तथा वर्गीकरण सम्बन्धी पुस्तिकाको खर्च संकेत तथा वर्गीकरणअनुसार विभिन्न खर्च संकेत नम्बरबाट खर्च लेखाङ्कन गर्नुपर्ने रकमहरू जस्तै मर्मत संभार, स्टेशनरी छपाइ, सूचना प्रकाशन, इन्धन, दैनिक भत्ता जस्ता कार्यमा रु समेत सार्वजनिक निर्माण शीर्षकबाट खर्च लेखेको देखिएको छ। जुन उक्त खर्चको संकेत तथा वर्गीकरण अनुसार मेल खाने देखिँदैन् ।
- कन्टिन्जेन्सी रकमको सीमा सबै निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी बापत थप गर्ने व्यवस्था गरेको छ। वर्क चार्ट स्टाफ खर्च र र सानातिना अन्य खर्चका प्रकृतिका आधारमा निश्चित रकमको लागत अनुमान तयार गर्दा मात्र उक्त प्रतिशत कायम गरी बढी मुल्यको लागत अनुमान तयार गर्दा यस्तो प्रतिशतमा पुनरावलोकन गर्नु पर्दछ ।
- कन्टिन्जेन्सी रकमवाट विविध कार्यालय मालसामान, इन्धन लगायतका चालू खर्च शीर्षकका खर्चहरू समेतलाई पुँजीगत बजेट शीर्षक तर्फ समावेश गरी खर्च गरेकोले सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ ले उल्लेख गरे बमोजिम अन्य सानातिना खर्च छुट्याएर मात्र कन्टिन्जेन्सी रकम खर्च भएको यकिन गर्ने विवरण समेत तयार गर्नुपर्दछ ।

२५ **फोहरमैला व्यवस्थापन**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

## २६ न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ३ र यो वर्ष थप भएको ३ गरी कुल ६ विवाद दर्ता भएकोमा कुनै पनि फर्स्यौट भएको छैन । पालिकाले विवादका पक्षहरु सम्पर्कमा नआएकाले फर्स्यौट हुन नसकेको जनाएको छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

## २७ कानून र सञ्चालन स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । यस पालिकाले हालसम्म २४ वटा ऐन, ६ वटा नियमावली, ४८ कार्यविधि लगायत ९७ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ ।कानुनको कार्यान्वियन हुनुपर्दछ ।

## २८ परामर्स तथा डीपीआर खर्च

सार्वजनिक खरिद ऐन २०६३ को नियम ८. ९ मा प्रतिस्पर्धात्मक प्रस्ताव माग गरि परामर्श सेवा खरिद गर्नुपर्ने, यस्तो खरिदमा आवश्यक्ताको पहिचान समेत गर्नुपर्ने व्यवस्था छ। यसरी परामर्श सेवा खरिद गर्दा विभागीय जनशक्तिले संभव नहुने विषयमा मात्र परामर्श सेवा लिनुपर्नेमा कार्यालयले सम्भाव्यता अध्ययन, अध्ययन प्रतिवेदन लगायतमा यस वर्ष निम्नानुसार रु. ५१,७८,७८६ खर्च गरेको छ । यसरी गर्दा सो को आवश्यकता, खरिदमा मितव्ययिता, विभागीय जनशक्तिको परिचालन जस्ता पक्षमा विश्लेषण गरेको छैन । डिपिआर तथा परामर्श खरिद गर्दा ती आयोजना एव कार्यक्रमको लागि बजेट व्यवस्था गरेर कार्यान्वियनमा जाने विषयमा मात्र नगरपालिकाले खर्च गर्नु पर्दछ । यस विषयमा नगरपालिकासंग छलफल हंदा अधिकांश योजना कार्यान्वियनमा गएको जानकारी प्राप्त भएको छ ।आयोजना कार्यान्वयनको सुनिश्चितता गरेर मात्र खर्च गर्ने सम्बन्धमा नगरपालिकाको ध्यान पुर्याउनु पर्दछ ।

| क्र.सं. | कार्यक्रमको नाम | परामर्शदाता | भुक्तानी रकम |
|---|---|---|---|
| १ | पागरपानी | श्री आकार डिजाइनर्स एण्ड डिभलपर्स | ४९१७७६ |
| २ | फोहरमैला ब्यबस्थापन | माइल स्टोन इन्जिनियरीग | ११९४१२७ |
| ३ | मुसेखोला विरेखोला खोल्सिङ्गा | **B.and J Developers Pvt.Ltd.** | ४८९०६४ |
| ४ | चुलिटिका | **D.R.Engineering concultancy and Suppliers** | ४८९८५५ |
| ५ | फोहोरमैला | सेती साइपाल इन्जिनियरीग | ७७६३१० |
| ६ | भू-वर्गीकरण तथा नक्साङ्कन कार्यक्रम | | ९४८९१७ |
| ७ | कार्यालयको O & M Survey | | ३९३२४० |
| ८ | कार्यालयको MTEF तयार | | ३९५५०० |
| जम्मा | | | ५१,७८,७८६ |

## २९ सहकारी नियमन

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र २६ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन

समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

### ३० **पुँजीगत खर्चको अवस्था**

सार्वजनिक खरिद ऐन, २०६३ को पत्र ९ अनुसार सार्वजनिक निकायले कुनै खरिद गर्नुपर्दा एवं भएसम्म खुल्ला रूपमा बोलपत्र माग गरी खरिद गर्नुपर्नेमा यो वर्ष शिर्षकबाट रु.११,४५,४४,७३१ खर्च गरेकोमा रु.४,०३,०६,४२० अर्थात् प्रतिशत ३५.२ बोलपत्रबाट खरिद गरेको छ। कुल खरिद मध्ये सिलबन्दी दरभाउपत्रबाट रु.१,४७,०६,५१७ र उपभोक्ता समितिबाट रु.५,९५,३१,७९४ को खरिद गरेको छ । उपभोक्ता समितिबाट खरिद गर्दा प्रतिस्पर्धा नहुने हुँदा सार्वजनिक खरिदलाई प्रतिस्पर्धी एवं मितव्ययी हुने गरी खरिद गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

### ३१ **स्यानिटरी प्याड**

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाका भित्रका १४ सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु २०८० जना रहेका छन। पालिकाले एन्जल टच हाइजिन म्यानुफ्याक्चरिङ प्रा.लि. बाट ३६,५०० थान स्यानिटरी प्याड रु.१२,९९,२१७ (मु अ कर समेत) मा खरिद गरेको छ। पालिकाले ३१,४६० थान विद्यालयहरुलाई वितरण गरी ५ हजार ४० थान मौज्दातमा राखेको छ । खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन।तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

### ३२ **योजना प्राथमिकीकरण**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नअनुसार ११ वडाको लागि वडागत र पालिकास्तरका कुल ३२९ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.५० लाख माथिका योजना सङ्ख्या | रु.१० लाख देखि ५० लाख सम्मका योजना सङ्ख्या | रु ५ लाख देखि १० लाखसम्मका योजना संख्या | रु १ लाख देखि ५ लाख सम्मका योजना संख्या | रु.१लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|---|---|
| १. | वडा/पालिकास्तरीय | ३२९ | ३ | २९ | ३९ | १८८ | ७२ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

### ३३ **औषधि खरिद**

पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ महिना वाँकी हुनुपर्ने तथा

भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले रौलाकेदार मेडिसिन सप्लायर्ससंग बोलपत्र मार्फत र अन्य फर्मसंग सिलबन्दी मार्फत रु.४१,८६,५१३ को औषधि खरिद गरेको देखिन्छ। पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

३४ **व्यवसाय कर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.२६,९५,८५० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

३५ **कर तथा शुल्क असुली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| **आय शीर्षक** | **अनुमान** | **असुली** | **असुली प्रतिशत** |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | १२,००,००० | २४,६६,९५५ | २०५.५८ |
| घरजग्गा वहाल कर | ७,५०,००० | १७,९०,१४२ | २३८.७ |
| व्यवसाय कर | १७,००,००० | १८,७४,१२० | ११०.३४ |
| सवारी कर (साना) | २०,००० | ११,००० | ५५ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

३६ **जिन्सी दाखिला** (३२७-2082-03-15):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५ मा कार्यालयमा खरिद तथा अन्य कुनै प्रक्रियाबाट प्राप्त जिन्सी आम्दानी बाँधी लगत अद्यावधिक गर्नु पर्ने उल्लेख छ । गो भौ नं ३२७/२०८२/३/१५ बाट वडा नं १० कार्यालयले २०mm र २५mm का एच डि पि ई पाइप ४६०० रनिङमिटर रु. २९७७५५/० खरिद गरेकोमा ती सामाग्रीहरु जिन्सी दाखिला गरेको तथा कसैलाई वितरण गरेको वा कुनै योजनामा उपयोग भएको प्रमाण पेश नभएकोले ती पाईप वितरण गरेको तथा उपयोग गरेको प्रमाण पेश हुनु पर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,९७,७५५ |

३७ **कर कट्टा**

आयकर ऐन, २०५८ को दफा ८८ मा सेवा शुल्क भुक्तानीमा पन्ध्र प्रतिशत कर कट्टा गर्नु पर्ने उल्लेख छ ।पालिकाले वादी दान बहादुर बम र प्रतिवादी वडा नं १० का अध्यक्ष पुष्प बहादर सिंह रहेको बाटो खोल्ने विषयमा जिल्ला अदालत बझाङ्गमा परेको मुद्दाको बहस पैरवी गरेवापत सेवा शुल्क स्वरुप अधिवक्ता मोहनराज उपाध्यायलाई रु. ५००००/ - भुक्तानी गरेकोमा कर कट्टा नगरेकोले उक्त सेवा शुल्कमा लाग्ने कर रु. ७५००/- असूल गर्नु पर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,५०० |

३८ **भ्रमण अवलोकन**

सामुहिक अध्ययन, अवलोकन भ्रमणको लागि उक्त भ्रमणको आवश्यकता, औचित्यता र प्राप्त हुने उपलब्धी स्पष्ट हुनु पर्दछ । अवलोकन भ्रमणको कार्यक्रम बनाउँदा नगरपालिका स्तरका पदाधिकारी तथा कर्मचारीहरुले नगरपालिका स्तरीय र वडा स्तरका पदाधिकारी तथा कर्मचारीहरुले वडा स्तरीय कार्य, सेवा प्रवाह, टोल विकास संस्था तथा मेल मिलाप समितिका क्रियाकलाप र प्रक्रिया, विकासका नविनतम अवधारणहरुको अवलम्वन पश्चात देखिएका अवसर तथा चुनौती, विषयगत समितिहरुका कार्य प्रणाली, आर्थिक अख्तियारी लगायतका कुराहरु अध्ययन अवलोकनका विषय बनाउनु पर्दछ ।पालिकाको ४ नं वडाका वडा अध्यक्ष लगायतका पदाधिकारीहरु र कर्मचारीहरुसहित ७ जनाले ०८२/२/२९ देखि ०८२/३/५ सम्म रु. ३५००००/० खर्च गरी अध्ययन अवलोकन भ्रमण गरेकोमा भ्रमणको आवश्यकता तथा औचित्यता र प्राप्त हुने उपलब्धी स्पष्ट खुलाई उपरोक्तमा उल्लेखित विषयहरु समावेश गरी भ्रमण कार्यक्रम तयार गरेको देखिएन । भ्रमणको लागि नमुना योग्य नगरपालिका र ति अन्तर्गतका वडाहरु छनौट नगरी केवल पर्यटकिय तथा मनोरन्जनात्मक दृष्टीले भ्रमण गरेको देखियो । भ्रमण गरेका स्थानहरुमा डलेधुराको उग्रतारा मन्दिर, कैलालीको रानीजमरिया कुलरिया, गोरखा मनकामना मन्दिर, पाल्पा दरबार, रानीमहल, पोखराको फेवा ताल, मार्फा जोमसोम, मुक्तिनाथ मन्दिर, लोमन्थाङ र कोरला नाका रहेका छन् । केही सिक्ने तथा अनुभवहरु आदान प्रदान गर्ने जस्ता विषय वस्तुहरु समावेस भएको कार्यक्रम नवनाई गरेको यो भ्रमणको खर्च प्रतिफल विहिन देखिएको छ ।

३९ **दैनिक भ्रमण तथा अनुगमन खर्च**

भ्रमण खर्च नियमावली, २०६४ को नियम ३(४) मा भ्रमण आदेश गर्ने पदाधिकारीले भ्रमण आदेश दिंदा अनुसूची १ को ढाँचा बमोजिम दिनु पर्ने त्यस्तै नियम ४ मा भ्रमण किफायती हुनु पर्ने उल्लेख छ । भ्रमण आदेशमा भ्रमण गर्ने पदाधिकारी वा कर्मचारीको नाम, पद, कार्यालय, भ्रमण गर्ने स्थान र भ्रमणको उद्वेश्य जस्ता विवरणहरु खुलाउनु पर्ने व्यवस्था गरीएको छ ।पालिकाले यो वर्ष विनियोजित बजेट अन्तर्गत भ्रमण खर्च र अनुगमन मूल्यांकनमा रु. ६०८६६०७/० र यसका अतिरिक्त कन्टिन्जेन्सीबाट समेत थप खर्च गरेको छ । पालिकाले भ्रमण आदेश दिंदा भ्रमणको उद्वेश्य स्पष्ट नखुलाई अमूर्त रुपमा सरकारी काम उल्लेख गरी पटककै पिच्छे ७ दिन अवधिको जिल्ला सदरमुकाम, आसपासका जिल्लाहरु, धनगढी, काठमाडौं लगायतका स्थानहरुको लागि पदाधिकारी तथा कर्मचारीहरुलाई भ्रमण काज दिएको छ । भ्रमण खर्च किफायती तथा मितव्यी बनाउन भ्रमणको उद्वेश्य स्पष्ट गरी त्यो काम सम्पन्न गर्न लाग्ने वास्तविक अवधिको भ्रमण आदेश मात्र जारी गर्नु पर्दछ ।

४० **अन्य निकायको खर्च**

संघीय सरकारको वार्षिक नीति तथा कार्यक्रम अनुसार संघिय सरकारले संघीय निकाय तथा कार्यालयको लागि आवश्यक बजेटको व्यवस्था गरी खर्च गर्ने अख्तियारी प्रदान गरेको हुन्छ । पालिकाले सशस्त्र प्रहरी बल नेपाल आश्रित गुल्म बझाङ्गको लागि १० घनमिटरको २ वटा फेरो खानेपानी ट्यांक पाइप लाईन र फिटिङ्गस समेतको रु ७१४९०३/० को काम उपभोक्ता समितिबाट गराएको छ । उपभोक्ता समितिले व्यहोर्नु पर्ने सम्झौता अनुसारको अंश कटाई रु. ६३५०००/० उपभोक्ता समितिलाई भुक्तानी भएको छ । यस्तै काम सशत्र प्रहरी बलले पनि आफ्नो बजेटले कोटेशनबाट काम गराई रु. ६४४६८३/० खर्च गरेको छ । संघीय सरकारद्वारा वजेट विनियोजन हुने कार्यालयको लागि पालिकाले खर्च गर्दा कार्यक्रम दोहोरिने तथा खर्च दुरुपयोग हुने संभावना रहने हुँदा यस प्रकारका अन्य निकायका खर्चमा नियन्त्रण हुनु पर्दछ ।

४१ **इन्डक्सन चुलो**

सामान वितरणकोको लागि निश्चित मापदण्ड निर्धारण गरिएको हुनु पर्दछ ।पालिकाले बजेटमा ३९ प्रतिशत कार्यालयको अनुदानमा इन्डक्सन चुलो वितरण कार्यक्रममा समावेश गरी रु. २१५००० विनियोजन गरेको छ ।ती चुलोहरु वितरण गर्न लाभग्राहीहरु छनौटको कुनै मापदण्ड तयार गरेको देखिएन ।कार्यपालिकाको निर्णय अनुसार ५७ जना नगरसभाका प्रतिनिधिहरु र २३ जना कर्मचारीहरुलाई ८० वटा इन्डक्सन चुलो वितरण भएको छ । पदाधिकारीहरु तथा कर्मचारीहरुमात्र लाभान्वित हुने गरी कार्यक्रममा बजेट विनियोजन र खर्च हुनु उचित देखिएन ।

४२ **सवारी साधन खरिद** (३६-2081-09-21):

अर्थमन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्मन्धी निर्देशिका, २०७४ को निर्देशन नं ५.१५ मा नेपाल सरकारबाट उपलब्ध गराएको समानिकरण अनुदानबाट कार्यालयको प्रयोजनको लागि सवारी साधन

खरिद गर्न नपाइने उल्लेख छ । गो भौ नं ३६/२०८१/९/२१बाट पालिकाले यो वर्ष रु. ३९१११६/० को एउटा दुई पाङ्ग्रे सवारी साधन मोटर साईकल खरिद गरेको छ । कानुनी प्रावधान विपरित समानिकरण अनुदानबाट सवारी साधन खरिदमा भएको खर्च नियमसंगत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ३,९१,११६ |

## ४३ MBBS छात्रवृति

चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ४ र ७ अनुसार चिकित्सा शिक्षा क्षेत्रमा अध्ययन गराउन नेपालमा सञ्चालित सार्वजनिक शिक्षण संस्थाले कुल सिट संख्याको पचहत्तर प्रतिशत, स्वदेशी लगानीको निजी संस्थाले दश प्रतिशत, विदेशीको संयुक्त लगानी वा विदेशी लगानीमा सञ्चालित शिक्षण संस्थाले कुल सिटको कम्तिमा बीस प्रतिशत छात्रवृत्ति सिटको रुपमा नेपाल सरकारलाई उपलब्ध हुँदै आएको सिटहरुमा चिकित्सा शिक्षा आयोग परीक्षा निर्देशनालयबाट सञ्चालन गरिने एकिकृत प्रवेश परिक्षाको योग्यताक्रमको आधारमा म्याचिङ प्रणालीबाट निर्धारित छात्रवृत्ति सिटमा छनौट भएका विद्यार्थीहरुलाई नेपाल सरकारले छात्रवृत्ति दिंदै आई रहेको छ । जयपृथ्वी नगरपालिकाबाट प्रदान गरिने एम.बि.बि.एस छात्रवृत्ति वितरण कार्यविधी, २०७९ बमोजिम गो भौ नं ७९२/२०८२/३/१८ बाट चिकित्सा शिक्षा आयोगबाट लिएको एकिकृत प्रवेश परिक्षामा योग्यताक्रमको आधारमा म्याचिङ प्रणालीबाट निर्धारित छात्रवृति कोटामा छनौट हुन नसकेका देहायका विद्यार्थीलाई स्नातक तह पाँचबर्षे पूर्ण शुल्क तिर्ने कोटामा कर्णाली स्वास्थ्य विज्ञान प्रतिस्थाठान जुम्ला र नेशनल मेडिकल कलेज नेपालगंजमा पालिका क्षेत्रभित्रका गरिबी र जेहेन्दारको आधारमा अन्य विद्यार्थीहरुसंग मूल्यांकन गरी नगर कार्यपालिकाबाट छात्रवृत्ति उपलब्ध गराउने निर्णय भए अनुसार यो वर्ष तेस्रो वर्षको अध्ययन शुल्क वापत रु.७७२६०७।– समेत हाल सम्म कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई रु. २३०७८६१/- र नेशनल मेडिकल कलेजलाई दोस्रो बर्षको अध्ययन शुल्क वापत यो बर्ष रु.१६४५४०७।-समेत हाल सम्म रु.३१७७३१४।– समेत छात्रबृत्ती वापत हालसम्म रु.५४८५१७५।-भुक्तानी खर्च लेखेको छ । छात्रवृत्ति उपलब्ध गराउने सम्बन्धमा कार्यापालिकाले कार्यविधी बनाएकोमा उक्त कार्यविधीमा अध्ययन पुरा गरेपश्चात नगरपालिकामा पुर्याउनु पर्ने सेवा प्रवाह सम्बन्धी कुनै उल्लेख गरेको पाईएन । साथै हाल उक्त कार्यविधी खारेज गरेको जनाएको छ । साथै, छात्रवृत्ति पाउने विद्यार्थी, शिक्षण संस्था र पालिका बीचमा भएको सम्झौता माग गरिएकोमा पेश हुन नआएकोले यस सम्बन्धमा अध्ययन पश्चात नगरपालिकामा पुर्याउनु पर्ने सेवाको बारेमा थप विश्लेषण गर्न सकिएन ।

| सम्झौता मिति | अध्ययन गरेको संस्थाको नाम | छात्रबृत्ती पाउनेको नाम । ठेगाना | यो बर्षको भुक्तानी | हाल सम्मको भुक्तानी |
|---|---|---|---|---|
| २०७९।४।२० | कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान | जनेन्द्र महर जयपृथ्वी नगरपालिका-७ | ७७२६०७।- | २३०७८६१।- |
| २०८०।२।२१ | नेशनल मेडिकल कलेज | भागीरथी कोईराला जयपृथ्वी नगरपालिका-८ | १६४५४०७।- | ३१७७३१४।- |
| | जम्मा | | २४१८०१४।- | ५४८५१७५।- |

## ४४ उपभोक्ता समितिबाट सरकारी भवन निर्माण

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय, रोजगारी श्रृजना गर्ने तथा दिगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समिति मार्फत गराउन सकिने उल्लेख छ। साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिमार्फत गराएको कामको निर्माण पश्चात मर्मत सम्भार र सञ्चालन लाभग्राही समुदायबाटै हुने र स्वामित्व लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ। पालिकाले देहाय अनुसार रु. २११००००/- को उपभोक्ता समितिबाट गराई खर्च गरेको छ ।सम्बन्धित उपभोक्ताहरुले प्रत्यक्ष लाभ प्राप्त गर्ने र त्यसको सञ्चालन, मर्मत संभार र रेखदेख उनीहरुबाटै हुने गरी हस्तान्तरण हुने किशिमका योजनाहरुको काम माउपभोक्ता समिति मार्फत गराउन उपयुक्त हुनेमा भवन निर्माण, शीतगृह निर्माण जस्ता कामहरु जुन उनीहरुबाट सञ्चालन तथा रेखदेख नहुने र हस्तान्तरण पनि गर्न नसकिने देहायका सरकारी काम उपभोक्ता समितिबाट गराएको छ । यस्तो प्रकृतिको जटिल निर्माण कार्य निर्माण व्यवसायीबाट गराउने तर्फ पालिकाको ध्यान जानुपर्दछ ।

| विवरण | लागत रकम |
|---|---|
| वडा नं ९ कार्यालयको कम्पाउण्ड वाल | २५०००० |
| हेमन्तडाँडा स्वास्थ्य चौकी प्लाष्टर, रंगरोगन र झ्याल ढोकाका काम | ५६०००० |
| शहरी स्वास्थ्य केन्द्र वारील वडा नं ८ निर्माण | १२००००० |
| कैलाश स्वास्थ्य चौकीको पर्खाल | १००००० |
| जम्मा | २११०००० |

४५ **उच्च पहाडी एवम् हिमाली क्षेत्र स्वरोजगार तथा आर्थिक शसक्तीकरण कार्यक्रम**

उच्च पहाडी एवम् हिमाली क्षेत्र स्वरोजगार तथा आर्थिक सामाजिक शसक्तीकरण कार्यक्रम सञ्चालन कार्यविधि,२०८१ मा कार्यक्रम सञ्चालनका क्षेत्र तथा छनौट प्रकृया लगायतका विषय उल्लेख भएको छ । पालिकाले यस कार्यक्रम अन्तर्गत सिंचाई तथा खानेपानी योजना अन्तर्गत पुख्यौंली खानेपानी केनल निर्माण र पाँगरपानी सिंचाई र खानेपानी निर्माण वापत रु.५२८७८८८।– भुक्तानी खर्च लेखेको छ । सो सम्बन्धि व्यहोरा निम्न छन :

**लागत साझेदारी नगरेको** - उच्च पहाडी एवम् हिमाली क्षेत्र समृद्धी कार्यक्रम सञ्चालन कार्यविधि,२०८० को नियम ५ मा कार्यक्रम सञ्चालन गर्दा लागत मुल्यको संघीय सरकारको ९० प्रतिशत र गाउँपालिकाको १० प्रतिशत लागत साझेदारीमा कार्यक्रम सञ्चालन गरी भुक्तानी दिने व्यबस्था रहेको छ । नगरपालिकाले उच्च पहाडी हिमाली क्षेत्र कार्यक्रम अन्तर्गत सिंचाई तथा खानेपानी योजना अन्तर्गत पुख्यौंली खानेपानी केनल निर्माण र पाँगरपानी सिंचाई र खानेपानी निर्माण वापत रु.५२८७८८८।०० भुक्तानी खर्च गरेकोमा संघीय बजेटबाट रु.४७५९०९९।०० र गाउँपालिकाबाट रु.५२८७८९।०० भुक्तानी खर्च गर्नु पर्नेमा संघीय सरकारबाट मात्र खर्च लेखेकोले बढी खर्च गरेको रकम रु.५२८७८९।-पालिकाबाट संघीय सञ्चित कोष दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,२८,७८९ |

४६ **अनुदानको अनुगमन**

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा अनुदान खर्च लेखेको छ ।नगरपालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । साथै नगरपालिकाबाट प्रदान गरिएको अनुदान रकम पाउनेको नाम नामेसी सार्वजनिकीकरण गरिएको पाईन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

४७ **कृषि तथा पशु विकासमा आधारित किसान तथा युवा उद्यमशिलता सझेदारी परियोजना" (हेफर प्रोजेक्ट नेपाल)**

कृषि तथा पशुवस्तुहरुको उत्पादन वृद्धि गरी रोजगारमूलक उद्यमशिल र मर्यादित कृषि व्यवसायको विकास गर्न लाभग्राहीहरुलाई स्वावलम्वी समूहहरुमा बाख्रा व्यवस्थापन र उन्नत प्रविधिहरुको अनुसरणवाट उत्पादन, उत्पादकत्व र उद्यमशिलता अभिवृद्धि गर्नु र कृषि र पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशिलता कार्यक्रम बिषयगत क्षेत्रको विकासका लागि संस्थागत संयन्त्र निर्माणार्थ पशु खरिद, वागवानी तथा ढुवानी, कृषि सामग्री तथा यन्त्र उपकरण, तालिम तथा अनुगमनका लागि कृषि तथा पशु विकासमा आधारित किसान तथा युवा उद्यमशिलता सझेदारी परियोजना" (हेफर प्रोजेक्ट नेपाल) र पालिका वीच रु ३४२८५७१५।- को लागत साझेदारीमा मिति २०८३।०३।१६ सम्म कार्यक्रम सञ्चालन गर्ने गरी मिति २०८०।१०।२५ मा सम्झौता भएको छ । कुल लागत मध्ये ७० प्रतिशतले ले हुने रकम रु २४००००००।-पालिकाले र बाँकी ३० प्रतिशतले हुने रकम रु. १०२८५७१५।- हेफरले व्यहोर्ने व्यवस्था गरेको छ।यस परियोजना अन्तर्गत यस कार्यालयवाट हेफर प्रोजेक्ट नेपाललाई आ.व. २०८१।८२ मा रु. ६९०७५८५।- भुक्तानी भएको छ । हेफर इन्टरनेशनलसँग बहु वर्षीय दायित्व सिर्जना गर्ने गरी सम्झौता गर्नु बजेट नीति तथा सिद्धान्त बमोजिम देखिएन ।यस सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छन् :

४७.१ **कानुनी व्यवस्था** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ अनुसार कुनै कारोबार गर्दा आन्तरिक राजश्व कार्यालयबाट स्थाई लेखा नम्वर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्थावाट मात्र गर्नुपर्ने र रु २० हजार भन्दा बढीको खरिद गर्नुपर्दा मु.अ.कर दर्ता भएकाबाट गर्न पर्ने व्यवस्था रहेको छ।त्यस्तै मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १० अनुसार कुनै कारोबारमा संलग्न हुन चाहने व्यक्तिले कारोबार शुरु गर्नु भन्दा अघि कारोबार दर्ता गरेको हुनुपर्ने र दफा १४ अनुसार बस्तु वा सेवा आपुर्ति गर्दा प्रापकलाई बिजक दिनुपर्ने र नियमावली, २०५३ को नियम १७ अनुसार दर्ता भएको व्यक्तिले कुनै बस्तु वा सेवा आपुर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरे देखि वाहेक प्रापकलाई अनुसूची- ५ र ५क बमोजिमको ढाँचामा कर विजक दिनुपर्ने व्यवस्था छ।पालिकाले यस बर्ष हेफर प्रोजेक्ट नेपाल लाई रु.६९०७५८५।- भुक्तानी गरेको र हेफर प्रोजेक्टले दलित सहयोग समाज,चैनपुर बझाङ मार्फत कार्यक्रम कार्यान्वियन गराएकोमा हेफर प्रोजेक्ट नेपाल वा स्थानिय साझेदारले नियमानुसारको विजक वा कर विजक जारी गर्ने गरेको छैन् र पालिकाले समेत विल विजक माग नै नगरी कारोबार रकम भुक्तानी दिने गरेको देखियो। कानून अनुसार बिल विजक जारी नै नगरी आर्थिक कारोबार गरेको देखिएकोले नियमसम्मत देखिएन । हेफर नेपालसँग कार्यक्रम सम्झौता भएकोले सोही संस्थाले बिजक जारी गर्नु पर्नेमा स्थानीय गैर सरकारी संस्था प्रयोग गरी खर्चका बिल भरपाईहरु पेश गरेको अवस्थामा भुक्तानी हुने गरेकोले पालिकावाट भुक्तानी भएको कार्यक्रममा लागत साझेदारी गर्नुपर्नेमा संस्थाको कर्मचारी तलब,फिल्ड तथा सहजिकरण भत्ता जस्तो प्रशासनिक कार्यमा गैरसरकारी संस्थाले ३० प्रतिशत योगदान गर्ने र ७० प्रतिशत वास्तविक कार्यक्रम खर्च पालिकाले वेहोर्ने गरी सम्झौता गरेकोले गैह्सरकारी संस्थाको आफ्नै कर्मचारीको फिल्ड भ्रमण तथा पारीश्रमिक खर्च साझेदारी रकममा परेको र बैंक ग्यारेण्टी बिना पेश्की दिई काम गराउने कार्य उचित देखिएन।

४७.२ **अनुगमन खर्च** - पालिकाले हेफरसँग कृषि तथा पशु उद्यमशिलता विकास परियोजना सञ्चालनको लागि मिति २०८०।०८।२८ मा तीन वर्षको लागि सम्झौता गरेको मध्ये पालिकाबाट गर्ने खर्च मध्ये प्राविधिक सेवा तथा अनुगमन मुल्याङ्कनमा खर्चमा रु.९५८४३८।-र तालिममा रु. ९७५६९०।- समेत रु. १९३४१२८।०० हेफरलाई किस्तामा उपलब्ध गराएको छ।पालिकामा रहेका स्थाई दरबन्दी भित्रको कृषि शाखाबाट सम्पादन गर्नुपर्ने नियमित काम उक्त गैरसरकारी संस्थालाई भुक्तानी गर्ने गरी सम्झौता गरेर व्ययभार बढाएको छ ।

४७.३ **पेश्की जमानत** - पालिकाले नागरिकलाइ पुर्याउनुपर्ने आधारभूत कृषिमा आफ्नु स्वीकृत संरचनामार्फत सेवा पुर्याउनु पर्नेमा यस प्रकार अन्तराष्टिय गैरसरकारी सस्था कार्य गराउदा खरिद ऐन २०६३ को दफा ३१ मा सूचीमा समावेश भएका आशयपत्रदाता सँग ३० दिनको सूचना दिई प्राविधिक एवं आर्थिक प्रस्ताव माग गर्नुपर्ने गुणस्तर र लागत विधि वा न्युन लागत विधिबाट छनौट गर्ने र खरिद सम्झौता पश्चात सेवा प्रदायकबाट अग्रीम बैंक जमानत लिई पेश्की दिन सकिने व्यवस्था छ । पालिकावाट हेफर प्रोजेक्ट नेपाललाई विना कुनै जमानत पेश्की दिएको उचित देखिएन ।

४७.४ **परामर्श खर्च** - पालिकाले सम्पादन गर्नुपर्ने कार्यक्रमहरु जस्तो बाख्रा वितरण, खोर सुधार, घाँसको विउ वितरण तथा सचेतनासम्वन्धि तालिम कार्यक्रमहरुलाइ व्यवस्थापन गर्न दरवन्दी अनुसार कृषि तथा पशू प्राविधिक कार्यरत रहेको, कृषि तथा पशू सेवामा योगदान पुरयाउन एक पालिका एक प्राबिधिक को छुट्टै व्यवस्था गरिएकोमा यस्ता कार्यक्रमहरु कार्यालयका कर्मचारीहरुवाट नै नगराई परमर्शदाताको खोजी गरि हेफर प्रोजेक्ट नेपालबाट गराईनु युक्तिसंगत देखिएन।अत पालिकाका कृषि प्राविधिकबाट सम्पादन हुने पालिका भित्रका कामलाई पालिकाले प्रदेश सरकार हस्तान्तरीत कार्यक्रम र पालिका समानीकरण अनुदानबाट गैरसरकारी संस्थालाई भुक्तानी गर्ने काम नियन्त्रण गर्नुपर्दछ।

४७.५ **प्रतिवेदन:** सम्झौताको वुँदा नं. ८.५ मा परियोजनाको प्रगति प्रतिवेदनमा क्रियाकलाप सम्पादन भएको र त्यसवाट आएको उपलब्धी र सो कार्यक्रमले पारेको प्रभावलाई समेत समेटी हेफर संस्थाले पालिकामा पेश गर्नुपर्ने व्यवस्था छ । हेफर प्रोजेक्ट नेपालले यस कार्यक्रम वाट प्राप्त उपलब्धी र पारेको प्रभाव प्रतिवेदनमा समेटी पालिकामा पेश गर्ने गरेको देखिएन।उपलब्धी र प्रभावलाई मापन गर्ने वस्तुगत आधार तथा मापदण्ड तयार नगरी सम्झौता भएको छ।यसले गर्दा यो कार्यक्रम सञ्चालन पूर्व लक्षित परिवारहरुको कृषि तथा पशुवस्तुहरुको उत्पादन वृद्धि गरी रोजगारमूलक उद्यमशिल र मर्यादित कृषि व्यवसायको विकासको बास्तविक अवस्था एकिन गरेको छैन्

भने कार्यक्रम सञ्चालन पश्चात कृषि तथा पशुवस्तुहरुको उत्पादन वृद्धि गरी रोजगारमूलक उद्यमशिल र मर्यादित कृषि व्यवसायको विकासमा के कस्तो सुधार तथा परिवर्तन भयो विश्लेषण गर्न सक्ने अवस्था रहेन।वस्तुगत आधार तथा मापदण्ड तयार नगरी कार्यक्रम सञ्चालन गर्नाले सरकारी खर्चको प्रतिफल र गुणस्तरमा आस्वस्त हुन सकिएन ।वस्तुगत आधार तथा मापदण्ड तयार गरी कार्यक्रम सञ्चालन गरिनु पर्दछ ।

४८ **अनुदान भुक्तानी**

स्थानीय तहमा शसर्त वित्तिय हस्तान्तरीत कृषि तथा पशुपंक्षी विकास कार्यक्रम सञ्चालन कार्यविधि,२०८१ को नियम ११ मा उत्पादनमा आधारीत प्याज तरकारी खेतिमा न्यूनतम २ रोपनी जग्गा हुनु पर्ने र प्रति रोपनी रु.२०००।- अनुदान दिने व्यबस्था रहेको छ ।पालिकाले उत्पादनमा आधारित अनुदान अन्तर्गत प्याज खेती उत्पादनमा नगरपालिकाको मिति २०८२।२।२६ को निर्णयले विभिन्न ८२ जना कृषकलाई न्यूनतम १०० बर्गमिटर क्षेत्रफल देखि अधिकतम २१९५ बर्गमिटर क्षेत्रफल भएका कृषकलाई प्रति बर्गमिटर रु.१०।-का दरले न्यूनतम रु.१००।-देखि अधिकतम रु.२१९५०।-सम्म रु.३१२६९०।-अनुदान उपलब्ध गराएको छ । अनुदान रकम पाउने कृषकको नामनामेसी साथै अनुदानको रकमको विवरण नगरपालिकाले सार्वनजिक गरेको छैन । नगरपालिकाले कार्यविधिमा उल्लेख भए बमोजिम प्रति रोपनी रु.२०००।-का दरले अनुदान उपलब्ध गराउनु पर्नेमा कार्यविधि विपरीत अनुदान उपलब्ध गराएको, लक्षीत बर्गको लागि माग सङकलन, लाभग्राही छनौट, अनुदान प्रबाह गर्दा प्रकृया पुरा नगरी अनुदान उपलब्ध गराएको छ । पालिकाबाट अनुदान प्रदान गर्दा कार्यविधिमा भएको प्रकृया पुरा गरेर मात्र कृषक सहकारीलाई अनुदान दिनु पर्नेमा सो बेगर अनुदान दिएको रकम नियम संगत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ३,१२,६९० |

४९ **बीमा**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा २० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिएदेखि वाहेक सम्पूर्ण जोखिम वहन गर्ने गरी वीमा गराउनु पर्ने तथा वीमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ ।पालिकाले तपशिल वमोजिमका ठेक्काहरुमा वीमा नै नगराइ निर्माण कार्य गराएको छ ।उक्त निर्माण कार्य तोकिएको समयमा निर्माण कार्य सम्पन्न गर्न नसेकेको कारण म्याद थप गरी निर्माण कार्य भइरहेकोले उक्त लगानी जोखिममा परेको देखिन्छ । यसरी वीमा नगराइ नियमावलीले गरेको व्यवस्था विपरीत खरिद सम्झौता गर्ने पदाधिकारीलाइ जिम्मेवार वनाइ नियमावलीमा भएको व्यबस्था बमोजिम सम्झौतामा उल्लेखित अवधि सम्मको वीमा गरेर मात्र निर्माण कार्य गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

| **ठेक्का नं** | **निर्माण व्यवसायी** | **सम्झौता रकम** | **विमांक रकम** | **कैफियत** |
|---|---|---|---|---|
| शितगृह निर्माण (१२।०७७।७८) | बर्मा बेताल निर्माण सेवा | ४६६७४२०।९५ | नगरेको | विमा नगराएको निर्माण कार्यको त्रुटी सच्याउने अवधि बाँकी रहेको |
| लौठी धडा पानेपानी योजना निर्माण (०८।०७९।८०) | षन्तोष निर्माण सेवा बझाङ | ५८५१०३१।९१ | नगरेको | विमा नगराएको निर्माण कार्यको त्रुटी सच्याउने अवधि बाँकी रहेको |
| चैनपुर पिथालेक धामिलेख सडक निर्माण(३।०८१।८२) | सुचित्रा कन्ष्ट्रक्शन चैनपुर १० | ३६०३८९३।६४ | | विमा नगराएको निर्माण कार्यको त्रुटी सच्याउने अवधि बाँकी रहेको |
| चैनपुर पिथालेक धामिलेख सडक निर्माण (९।०८१।८२) | सुचित्रा कन्ष्ट्रक्शन चैनपुर १० | ३०६३१०६।२० | नगरेको | विमा नगराएको निर्माण कार्यको त्रुटी सच्याउने अवधि बाँकी रहेको |
| मड खानेपानी योजना निर्माण | आर केपी कन्ष्ट्रक्शन प्रा=लि= बझाङ | २७१०७८५।३४ | नगरेको | विमा नगराएको निर्माण कार्यको त्रुटी सच्याउने अवधि बाँकी रहेको |

५० **प्रोभिजनल समको विमा प्रिमियम**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) अनुसार खर्चको बिल भरपाई सहित खर्च पुष्टाई हुने प्रमाण कागजात राख्नुपर्ने ब्यवस्था रहेको छ।भौ.नं. ४२।०८२।०२।२४ बाट नगरपालिकाले मड खानेपानी योजना निर्माण वापत आर.के.पी. कन्ष्ट्रक्शन प्रा.लि.लाईअ अन्तिम विल वापत रु.२७०४३२८।-भुक्तानी गरेकोमा प्रोभिजनल समको विमा प्रिमियम वापत रु.१५०००।– भुक्तानी गरेकोमा रु.८८६३।– को मात्र विजक पेश भएकोले प्रिमियम वापत रु.६१३७।– बढी भुक्तानी गरेकोले प्रमाण पेश गर्ने अन्यथा निर्माण व्यावसायीबाट अशुल हुनु पर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,१३७ |

५१ **खरिद कार्बाहीको अभिलेख**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(१) अनुसार सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति छुट्टै फाइल खडा गरी राख्नु पर्ने र उपनियम(२) बमोजिम फाइलमा अन्य कागजातका अतिरिक्त सम्झौता फाइलको पञ्जिका, लागत अनुमान, उपभोक्ता समितिको गठन सम्बन्धि कागजात, योजना सम्झौता, बैठकको माइन्यूट, मूल्यांकन प्रतिवेदन, लगायतको कागजात, मूल्यांकन प्रतिवेदन र सोसँग सम्बन्धित सम्पूर्ण कागजात लगायतको विवरण क्रमवद्ध रुपमा राख्नुपर्ने व्यवस्था छ। कार्यालयले खरिदसँग सम्बन्धित कागजातहरु अलग अलग फाइलमा राखेकोले लेखापरीक्षणमा कठिनाई भएको अवस्था छ। नियमावलीले तोके अनुसार सम्पूर्ण कागजातहरु सिलसिलेवार रुपमा एउटै फाईलमा राखी पञ्जिका समेत तयार गर्नुपर्ने देखिन्छ।

५२ **श्रीमन महाराज मष्टा मन्दिर निर्माण [ ठे. नं. १३।०८०।८१]**

नगरपालिकाले वडा नं.७ सुवेडामा मन्दिर निर्माणको लागि रु.२९९७३२१।– को लागत अनुमान तयार गरी सबै भन्दा घटी कबोल गर्ने निर्माण व्यबसायी मष्टा जसु कन्सल्ट एण्ड कन्ष्ट्रक्शन प्रा.लि.सँग मिति २०८२।०३।१६ भित्र निर्माण कार्य सक्ने गरी २०८२।०२।३० मा रु.१८४८३९१।२० को सम्झौता गरेकोमा उक्त अवधिमा निर्माण कार्य सम्पन्न हुन नसकि यो आर्थिक बर्षमा प्रथम रनिङ विलबाट रु. ४५६६८४।- भुक्तानी खर्च लेखेको छ । यस सम्बन्धि व्यहोरा निम्न समयावधि भित्र निर्माण कार्य सम्पन्न गर्नेतर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

**निर्माण कार्य अनिश्चित रहेको** - सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ६ मा सार्वजनिक निकायले निर्माण स्थलको व्यबस्था नभई कार्यान्वयन हुन नसक्ने योजनामा बजेट विनियोजन गर्नु नहुने र बोलपत्र आव्हान गर्नु हुदैन भन्ने उल्लेख गरीएको छ । नगरपालिकाले उक्त मन्दिर निर्माणको लागि सर्वपक्षीय सहमती नगरी बोलपत्र आब्हान गरी निर्माण कार्यको सम्झौता गरी निर्माण कार्य शुरु भएपछि मष्ट मन्दिरको प्राचिन संरचना र स्वरुप विगार्ने गरी मन्दिरको निर्माण हुन लागेको कारण देखाई जयपृथ्वी नगरालिका वार्ड नं.७ निवासी श्री रमेश बहादुर महरले उच्च अदालत दिपायल सिलगढीमा मिति २०८२।०३।०१ मा मन्दिरको निर्माण कार्य रोक्नको लागि अन्तरिम आदेश जारी गरी पाउँ भनि मुद्दा दर्ता गरेकोले सम्मानित अदालतले मिति २०८२।०३।०२ मा निषेधाज्ञायुक्त।परमादेश जारी गरे पश्चात निर्माण कार्य रोकिएको छ ।साथै अदालतमा मुद्दाको टुंगो नलागी विचाराधिन रहेकोले उक्त निर्माणको काम अनिश्चित रहेको छ । साथै आर्थिक बर्ष २०८२।८३ मा उक्त मन्दिर निर्माणको लागि बजेट विनियोजन नभएकोले बाँकी निर्माण कार्य अनिश्चित रहेकोले यो बर्ष लगानी भएको रकमबाट निर्मित संरचनाको गुणस्तरमा ह्रास आउने र विग्रिने भत्किने सम्भावना रहन्छ । अत: मष्ट मन्दिरको प्राचिन संरचना र स्वरुपलाई ध्यानमा राखी मन्दिर निर्माण गर्नेतर्फ सम्बद्ध सबै पक्षको ध्यान जानुपर्दछ ।

५३ **अनुत्पादक खर्च**

स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४ (परिमार्जित) मा गाउँपालिका वा नगरपालिकाले बार्षिक योजना तथा वजेट तर्जुमा गर्दा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने,उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने तथा सामाजिक समावेशीकरण अभिबृद्धि हुने,दिगो विकास लक्ष्य प्राप्त गर्न सघाउ पुर्याउने खालका योजना तथा कार्यक्रम तर्जुमा गर्नु पर्ने उल्लेख भएको छ । तर नगरपालिकाले नगरपालिकाको वार्ड नं.७ बारे बगरमा पालिकाको फोहोरमैला व्यबस्थापनको लागि ल्याण्डफिल्ड साईट निर्माणको लागि डिपिआर तयार गर्नको लागि अल सोलुसन ईन्जिनियरिङ कन्सल्टेन्सी एण्ड कन्ष्ट्रक्शन प्रा.लि.लाई आर्थिक बर्ष २०७८।७९ मा भुक्तानी रु९८९८८०!– भुक्तानी गरी डिपिआर प्रतिवेदन तयार गरी सकेको अबस्थामा स्थानियको अरोधका कारण जग्गा विबाद भई सो स्थानमा ल्याण्डफिल्ड साईट बनाउन नसकिएकोले सो डिपिआर कार्यान्वयनमा नगएको अबस्थामा पालिकाले पुन नगरपालिकाको वार्ड नं.३,४ र ५ को गोरेपाटनमा फोहोरमैला व्यबस्थापनको लागि ल्याण्डफिल्ड

साईट निर्माणको आईईई गरे वापत सेती साईपल ईन्जिनियरिङ सर्भिस प्रा.लि.लाई रु.७७६३१०।– र डिपिआर तयार गरे वापत माईलस्टोन ईन्फ्रास्टक्चर ईन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि.लाई रु.११९४१२७।-समेत रु.१९७०४३७।-भुक्तानी खर्च लेखेको छ । फोहोरमैला व्यबस्थापनको लागि पहिले नै आईईई तथा डिपिआर गरि सकेको योजना कार्यान्वयनमा नलगी पुन उस्तै प्रकृतीको योजनामा खर्च गरेकोले फोहोरमैला व्यबस्थापनको लागि पुरानो ल्याण्डफिल्ड साईटमा खर्च भएको परामर्शखर्च रकम अनुत्पादक देखिएको । पालिकाले कार्यान्वयनमा लैजान सकिने योजनाको एकिन भएपछि मात्र आईईई तथा डिपिआर तयारीमा खर्च गर्नेतर्फ ध्यान जानु पर्दछ ।

५४ **अनुगमन तथा निरीक्षण:**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २७ बमोजिम मन्त्रालय, विभाग, प्रदेश मन्त्रालय तथा पालिका प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रकृयाको सुचक समेत बनाई निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ । सो बमोजिम पालिकाले कसैले दोहोरो हुनेगरी, व्यक्तिगत घटना दर्ता अन्तर्गत मृत्यु दर्तामा ढिलाई हुदाँ पनि निरन्तर लाभग्राहीको खातामा पैसा जानेलर सरकारी सुविधा लिने व्यक्तिले सामाजिक सुरक्षा भत्ता लिए नलिएको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन दिएको देखिएन । कार्यविधिले तोके बमोजिम अनुगमन प्रतिवेदन लिई प्रतिवेदनको उचित कार्यान्वयन गर्नुपर्दछ ।

५५ **सामाजिक सुरक्षा भत्ता वितरण**

सामाजिक सुरक्षा ऐन-२०७५,बमोजिम आर्थिक रुपले विपन्न, अशक्त तथा असाय अवस्थामा रहेका व्यक्ति असायएकल महिला, अपाङ्ग भएका व्यक्ति, बालवालिका, आफ्नो हेरचाहा आफै गर्न नसक्ने लोपोन्मुख जातीलाई सामाजिक सुरक्षा भक्ता पाउने अधिकार हुने व्यवस्था अन्तर्गत यस पालिकाले सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ बमोजिम सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको नाम दर्ता र नविकरण, लगतकट्टी गरी तोकिएको मिति भित्रै परिचय पत्र अनिवार्य रुपमा नविकरण गरी प्रथम, द्धितिय, तृतिय र चौथो किस्ता गरी जम्मा रु १०,२४,७६,३१२ निकासा भएकोमा १०,२२,५४,३५१ बैकिङ प्रणाली मार्फत वितरण गरेको देखिएको छ ।

५६ **राजश्व अभिलेख**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २७(५) मा राजश्वको लगत तथा लेखा राखे, हिसाब भिडान गर्ने, वित्तीय विवरण तयार गर्ने, लेखापरीक्षण गराउने उत्तरदायित्व कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ ।नगरपालिकाले राजस्व दैनिक गोश्वारा खाता ( म.ले.प.फा.नं.१०५) तथा राजस्व बैंक नगदी किताव खाता ( म.ले.प.फा.नं.१०८) लगायतका खाता राखेको छैन । कार्यालयले छपाई गरेका नगदी रसिदहरु रसिद नियन्त्रण खातामा अभिलेख राखी सोही आधारमा आम्दानी र खर्चको विवरण राखी रसिद ठेलीहरु प्रयोग गर्नुपर्नेमा सोको अद्यावधि अभिलेख पालिकामा राखेको पाईएन । पालिकाले राजश्व नियन्त्रण खाताको व्यवस्थित अभिलेख राख्नेतर्फ जोड दिनुका साथै पालिकाले सबै वडाहरुमा स्वचालित प्रणाली जडान गरी राजश्व संकलन गर्नेतर्फ ध्यान जानु पर्दछ ।

५७ **राजश्व दाखिला**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २७ र नियमावली २०७७ को नियम ५८(४) बमोजिम बुझिएको राजश्वको दाखिला र लेखा दैनिक राख्नु पर्दछ ।नगरपालिका अन्तर्गत ११ वटा वडाले प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन ।नियमानुसार तोकिएको समयभित्रै प्राप्त गरेको आन्तरिक राजश्व रकम बैक दाखिला गर्न पालिकाअन्तर्गत रहेको सबै वडा कार्यालयहरुले विशेष ध्यान दिनुपर्दछ ।

५८ **पाठ्यपुस्तक**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी गर्न आवश्यक बिल भर्पाई र कागजात संलग्न भए वा नभएको, कागजात अनुसार भुक्तानी दिन रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था उल्लेख छ । साथै कार्यक्रम कार्यान्वयन कार्यविधी २०८१ को क्रियाकलाप नं २.४.६.२ मा सार्वजनिक विद्यालयका विद्यार्थीहरुको लागि निशुल्क पाठ्यपुस्तकको व्यवस्था गरेको छ । तत् बमोजिम यस नगरपालिकाले सार्वजनिक विद्यालयहरुलाई निशुल्क पाठ्यपुस्तक वितरण गर्न रकम निकासा गरेको सम्बन्धमा देखिएका बेहोराहरु निम्नानुसार रहेको छ

५८.१ ( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-८** को निर्णयले रू **१४१,९९९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

५८.२ ( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-८** को निर्णयले रू **२७,१०४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५९ **प्राविधिक प्रतिवेदन**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-८** को निर्णयले रू **६५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

६० **समानीकरण अनुदानबाट शिक्षक तलब**

शिक्षा नियमावली २०५९ को नियम ९२ तथा अनुसुची १२ वमोजिम शिक्षक विद्यार्थी अनुपात अनुसार शिक्षक दरवन्दि हुनुपर्दछ । पालिका अन्तर्गतका निम्नानुसार शिक्षक र विद्यार्थी अनुपात रहेकोमा पालिकावाट सो भन्दा बढी हुने गरी थप शिक्षक व्यवस्था गरी तलव भत्ता भुक्तानी भएको पाईयो । जसअनुसार साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका तथा विद्यार्थि संख्या अत्याधिक भई शिक्षक नपुग भएको अवस्थामा मात्रै पालिकाले विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०८१ का लागि सहयोग अनुदान दिन सकिने देखिन्छ । कार्यक्रम कार्यान्वियन पुस्तिका, २०८१।८२ मा भएको व्यवस्था अनुसार कक्षा ९-१० मा अंग्रेजी, विज्ञान र गणित बिषयको लागि समेत छुट्टै वजेट व्यवस्था गरी निकासा समेत दिईएको अवस्था छ । तर पालिकाले न्यून विद्यार्थी रहेका विद्यालयलाई विद्यार्थि संख्या, पहुँचको अवस्था, एक विद्यालयबाट अर्को विद्यालयमा रहेको भौगोलिक दुरी लगायतको अवस्थालाई समेत मध्यनजर गरी मर्जरको प्रक्रियामा लागि विद्यालयमा आवश्यकता बमोजिम शिक्षक दरबन्दि कायम गरी शैक्षिक गुणस्तर सुधार तथा मितव्ययिता कायम गर्नेतर्फ गाउँपालिकाको ध्यान जानुपर्ने देखिन्छ । तर पालिकाले स्वीकृत दरबन्दि भित्र नपरेका र गत विगत देखि नै निजी स्रोतको रुपमा कार्यरत मा.वि तर्फका ३ जना शिक्षकलाई चाडपर्व खर्च समेत बार्षिक रु.१३६५०००।-वित्तिय समानिकरण शिर्षकबाट तलब भत्ता विद्यालयहरूको नाममा अनुदान निकासा दिएको पाईयो । पालिकामा रहेको शिक्षक र विद्यार्थिहरूको अनुपात हेर्दा देहाय अनसारको देखिएकोले आवश्यकताको आधारमा मात्रै शिक्षक नियुक्ती गरी खर्च गर्नुपर्ने देखिन्छ ।

| क्र स | तह | दरवन्दी शिक्षक | विद्यार्थी संख्या | पालिका अनुदान शिक्षक | जम्मा | शिक्षक विद्यार्थी अनुपात | पालिका अनुदान रकम |
|---|---|---|---|---|---|---|---|
| | **वाल कक्षा** | ४४ | ८११ | | ४४ | २० | |
| १ | प्रा वि | १६२ | २८५४ | | १६२ | १७ | |
| २ | नि मा वि | ४५ | १६७० | | ४५ | ३७ | |
| ३ | मा वि | ३४ | १०१७ | ३ | ३७ | २९ | १३६५००० |
| ५ | उ मा वि | २२ | ७२२ | | २२ | ३२ | |
| **जम्मा** | | **३०७** | **७१५४** | | **३१०** | | **१३६५०००** |

६१ **बढी ग्रेड भुक्तानी**

सामुदायिक विद्यालय तर्फका स्थायी शिक्षकहरुलाई राष्ट्रिय किताबखाना (शिक्षक) बाट पारित भएको तलबी प्रतिवेदन अनुसार तलब तथा ग्रेड भुक्तानी दिनुपर्दछ । यस पालिकाले सत्यवादी मा.वि. का शिक्षक रामप्रसाद उपाध्यायलाई प्रतिमहिना ७ ग्रेडका दरले ग्रेड रकम भुक्तानी दिनुपर्नेमा ८ ग्रेडका दरले भुक्तानी दिएको देखिएकाले थप १ ग्रेडको दर रु.१,४५६ का दरले हुने ९ महिनाको रु.१३,१०४ असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १३,१०४ |

६२ **छात्रवृति रकम**

६२.१ ( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-८** को निर्णयले रू **२५,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

६२.२ ( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-८** को निर्णयले रू **२३,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

६३ **विपन्न लक्षित छात्रवृति**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-८** को निर्णयले रू **४०८,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

६४ **जडानको प्रमाण**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-८** को निर्णयले रू **४९१,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : जयपृथ्वी नगरपालिका, बझाङ , जयपृथ्वी नगरपालिका , बझाङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | अम्मर राज जोशी | २०७८-११-४ | २०८१-६-८ |
| कार्यालय प्रमुख | सिद्व राज पण्डित | २०८१-६-९ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | गोविन्द बहादुर विष्ट | २०७८-१-२ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ७२,९०८ | ७०३,८०६ | २,५४७,८३० | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ३,३२४,५४४ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | १,७६७,४५३ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | १,५५७,०९१ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ५८८४६९२८.६६ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ५११६७३८८२.५ | चालु खर्च | ४४२४६६२४२.१७ |
| प्रदेश सरकारबाट अनुदान | ४६५८५७४४.५७ | पूँजीगत खर्च | ११८४६२१२४.६ |
| राजश्व बाँडफाँट | ५९७०६६.८४ | वित्तीय/अन्य व्यवस्था | १६३१६९३३५.९५ |
| आन्तरिक आय | १४४३७२६६.०१ | | |
| अन्य आय | १२७४२७१०४.८ | | |
| कुल आय | ७००७२१०६४.७२ | कुल खर्च | ७२४०९७७०२.७२ |
| बाँकी मौज्दात | | ३५४७०२९०.६६ | |

## अनुसूची - २

## बेरूजु दफा २.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र.स./ आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
| | | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | | |
| ११००० | कर | | ९,९४,५२,३५२.९५ | ० | ९,९४,५२,३५२.९५ | ८,८१,३३,९३९.३३ | ० | ८,८१,३३,९३९.३३ |
| १३००० | अनुदान | | ४३,४६,१३,९३६.४३ | ० | ४३,४६,१३,९३६.४३ | ४२,१३,०६,३८४.३५ | ० | ४२,१३,०६,३८४.३५ |
| १४००० | अन्य राजस्व | | ७२,३२,१४१.४१ | ० | ७२,३२,१४१.४१ | ३१,५४,२४४.८८ | ० | ३१,५४,२४४.८८ |
| क | कुल जम्मा प्राप्ति | | ५४,१२,९८,४३०.७९ | | ५४,१२,९८,४३०.७९ | ५१,२५,९४,५६८.५६ | | ५१,२५,९४,५६८.५६ |
| ३ | चालु | | ४४,२४,६६,२५२.१७ | ० | ४४,२४,६६,२५२.१७ | ४२,६५,९९,११८.३७ | ० | ४२,६५,९९,११८.३७ |
| २१००० | पारिश्रमिक / सुविधा | | २८,३७,०८,८४५.१५ | ० | २८,३७,०८,८४५.१५ | २८,९१,०२,२९७.६० | ० | २८,९१,०२,२९७.६० |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | १४,८६,७९,४१५.०२ | ० | १४,८६,७९,४१५.०२ | १२,२९,५८,३७४.७७ | ० | १२,२९,५८,३७४.७७ |
| २७००० | सामाजिक सुरक्षा | | १,००,१७,९४२.०० | ० | १,००,१७,९४२.०० | १,२५,००,४३३.०० | ० | १,२५,००,४३३.०० |
| २८००० | अन्य खर्च | | ६०,०५०.०० | ० | ६०,०५०.०० | २०,३८,०१३.०० | ० | २०,३८,०१३.०० |
| ४ | पूंजीगत | | ११,८४,६२,१२४.६० | ० | ११,८४,६२,१२४.६० | ७,६३,३३,०७४.७३ | ० | ७,६३,३३,०७४.७३ |
| ३१११० | भवन तथा संरचना | | ३५,००,०००.०० | ० | ३५,००,०००.०० | ३९,७६,७८४.९८ | ० | ३९,७६,७८४.९८ |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | | ४७,३२,८८५.६० | ० | ४७,३२,८८५.६० | ३१,२८,२२५.०० | ० | ३१,२८,२२५.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | | ४,९१,७७६.०० | ० | ४,९१,७७६.०० | ० | ० | ० |
| ३११५० | सार्वजनिक निर्माण | | १०,९५,३७,४६३.०० | ० | १०,९५,३७,४६३.०० | ६,८९,०१,४५६.७५ | ० | ६,८९,०१,४५६.७५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | | २,००,०००.०० | ० | २,००,०००.०० | ३,२६,६०८.०० | ० | ३,२६,६०८.०० |
| ख) | कुल जम्मा भुक्तानी | | ५६,०९,२८,३७६.७७ | | ५६,०९,२८,३७६.७७ | ५०,२९,३२,१९३.१० | | ५०,२९,३२,१९३.१० |
| ग) | बचत /कमी (ग = क-ख ) | | (१,९६,२९,९४५.९८) | | (१,९६,२९,९४५.९८) | ९६,६२,३७५.४६ | | ९६,६२,३७५.४६ |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/-) | | (३७,४६,६९२.०२) | | (३७,४६,६९२.०२) | ३६,४६,३९८.१४ | | ३६,४६,३९८.१४ |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | | | | | |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | | (२,३३,७६,६३८.००) | | (२,३३,७६,६३८.००) | १,३३,०८,७७३.६० | | १,३३,०८,७७३.६० |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | | ५,८८,४६,९२८.६६ | | ५,८८,४६,९२८.६६ | ४,५५,३८,१५५.०६ | | ४,५५,३८,१५५.०६ |
| छ) | विनिमय नाफा/ घाटा तथा अन्य समायोजन | | | | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | | ३,५४,७०,२९०.६६ | | ३,५४,७०,२९०.६६ | ५,८८,४६,९२८.६६ | | ५,८८,४६,९२८.६६ |

# सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।

- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ ।
- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- कतिपय कार्यसम्पन्न भइसकेका शीतभण्डारहरू प्राविधिकरुपले अधुरा भई सञ्चालन तथा उपयोग नभएको र निर्माणाधीन तथा निर्माण भइसकेका शीत भण्डारहरू गुणस्तरीय नदेखिएकोले यसमा सुधार गरी सञ्चालन गर्नुपर्दछ। स्थानीय आवश्यकता विश्लेषण गरी दिगो सञ्चालनको सुनिश्चितता गरेर मात्र शीतभण्डारहरू निर्माण गर्नुपर्दछ।
- आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नहुने देखिएकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।